# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ०७ | काठमाडौं | बुधबार, १७ वैशाख २०८२ | Prabhab National Daily | Wednesday, April 30, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# फरक बोली दबाउने ओली

- उपाध्यक्ष अष्टलक्ष्मी शाक्यमाथि कारबाहीको तयारी
- ओलीबाट संसदीय दल बैठकमा शाक्यको चर्को विरोध
- पार्टी र सरकार दुवैमा विरोधीलाई ओलीको कारबाही



■ जेबी योञ्जन

**काठमाडौं–** विरोधी आवाज पटक्कै नसुन्ने र आफ्नो विरोधमा बोल्नेविरुद्ध निर्मतापूर्वक प्रस्तुत हुने नेतृत्वको रूपमा परिचित छन् प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । पार्टीभित्र र बाहिर आलोचना गर्ने जो कोहीविरुद्ध ओली विषवमन गर्छन् । पार्टी र सत्तामा विरोधी आवाज मुखरित गर्नेविरुद्ध कारबाहीकै तहसम्म पुग्छन् ।

यतिबेला कारबाहीको भागीदार बन्ने अवस्थामा पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्य देखिएकी छन् । उनले हालै शिक्षामन्त्रीबाट राजीनामा दिएकी विद्या भट्टराईको पक्षमा बोलेकी थिइन् । शाक्यको अभिव्यक्ति प्रधानमन्त्री ओलीलाई पटक्कै मन परेको छैन ।

एक जना एमाले सांसदले प्रभावसँग भने, 'संसदीय दलको बैठकमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले जे स्टाटस माननीय विद्या भट्टराईले शिक्षामन्त्रीबाट राजीनामा दिएको सन्दर्भमा लेख्नुभएको थियो, त्यसलाई लिएर सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली कमरेडले किन त्यस्तो लेख्नुभयो ? पार्टी अनुशासनमा किन बस्नु नपरेको ? भनेर प्रश्न गर्नुभयो ।'

एमाले संसदीय दलको बैठक शनिबार बसेको थियो । बैठकमा पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली शाक्यविरुद्ध चर्को असन्तुष्ट सुनिए । ओली असन्तुष्ट हुँदा नेता कार्यकर्ताले स्पष्टीकरण हुँदै निलम्वनमात्रै होइन पदमुक्तसम्मको कारबाही भोग्नुपरेको छ ।

> ओलीले जहिल्यै जयजयकार मात्रै मन पराए । भिन्न आवाजलाई थुन्ने काम गरे । अहिले पार्टीभित्र त्यही देखिएको हो ।
>
> ■ **कृष्ण पोखरेल**
> राजनीतिशास्त्री

विगतमा विवादित व्यवसायी मीनबहादुर गुरुङले कीर्तिपुरमा पार्टी कार्यालयका लागि जग्गा दिएको र पार्टी कार्यालय नै बनाइदिने सन्दर्भमा नेता भीम रावल, स्थायी कमिटी सदस्य डा. बिन्दा पाण्डे र उषाकिरण तिमल्सेनाले विरोध गरेका थिए । विरोधपछि रावललाई ओलीले पार्टीबाटै निष्काशित गरे । पाण्डे र तिमल्सेनालाई निलम्वित गरे ।

राजनीतिशास्त्री कृष्ण पोखरेल ओली गुणगानमात्रै सुन्न चाहने नेतृत्व भएको बताउँछन् । उनले फरक आवाजलाई कहिल्यै स्थान नदिएको पोखरेलको भनाइ छ । 'झापा विद्रोहदेखि नै ओलीलाई राम्ररी चिन्छु, तर उनले जहिल्यै जयजयकार मात्रै मन पराए । भिन्न आवाजलाई थुन्ने काम गरे,' पोखरेल बताउँछन् ।

ओलीले नेकपाकालमा पार्टीभित्र अन्तरसंघर्ष चल्दा नेताहरूको जिम्मेवारी हेरफेरदेखि खोस्नेसम्म गरेका थिए । सरकारमा पनि त्यसै गरेका थिए । विद्युत् महसुल बक्यौता उद्योगीबाट उठाउनुपर्ने र कुलमान घिसिङको नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट भएको बर्खास्तीको विरोध ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङले गरेका थिए । घिसिङलाई बर्खास्त गर्ने प्रधानमन्त्री ओलीको कदम गलत रहेको उनको भनाइ थियो ।

तामाङका अनुसार उनले २९ चैतको मन्त्रिपरिषद् बैठकमा सरकारले ल्याउने आगामी बजेटमा पाँच-दश लाखको योजना छुटचाउन नहुने मत राख्दा ओली रिसाएका थिए । यिनै घटनाक्रमका बीच अन्ततः ओलीको बर्खास्तगीमा राज्यमन्त्री तामाङ परे ।

तत्कालीन शिक्षामन्त्री विद्या भट्टराई पनि ओलीको लाइनविपरीत गएर शिक्षा ऐन जारी गर्नेसहितका मागहरूमा सकारात्मक बन्दा उपेक्षाको सिकार बनेकी थिइन् । वैशाख ९ गते काठमाडौंमै भएको एक कार्यक्रममा त उनले काम गर्न नसकेको भनेर भट्टराईको क्षमतामाथि प्रश्न उठाएका थिए । ओलीको 'किचन क्याबिनेट'मा रहेका महेश बस्नेतले विपक्षीलेभन्दा कडा शब्दमा भट्टराईको विरोध गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

### सरकार-शिक्षक वार्ता निरन्तर

# शिक्षकको मागमा लचक बन्दै सरकार

■ प्रभाव संवाददाता




- गलाउने नीतिका साथ प्रस्तुत भए पनि शिक्षकहरू महिना दिन पुग्दासमेत टसमस नभएपछि सरकार लचक बन्ने बाटोमा
- शिक्षकहरूका सात बुँदे माग पूरा गर्न तत्काल आठ अर्ब १२ करोड रूपैयाँ रकम आवश्यक पर्ने
- विद्या भट्टराई शिक्षामन्त्री छँदा प्रधानमन्त्रीसँग मात्र वार्तामा बस्ने अडानमा रहेका शिक्षक महासंघ रघुजी पन्तको नेतृत्वमा सहमतिनजिक

**काठमाडौं–** सरकारले आन्दोलनरत शिक्षकहरूसँगको वार्तालाई मंगलबार पनि निरन्तरता दिएको छ । २८औं दिनसम्म आन्दोलनलाई जारी राखेका शिक्षकहरू पनि वार्तामार्फत निकास निकाल्ने प्रयासमा छन् । जसअनुसार मंगलबार साँझ सरकार र आन्दोलनरत शिक्षकबीच वार्ता भयो । तर, वार्ता निष्कर्ष निकाल्न भने असफल रह्यो । यद्यपि, वार्ता सकारात्मक बनेको बताइएको छ ।

सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको शिक्षक महासंघसँगको वार्तामा सरकारको तर्फबाट शिक्षामन्त्री रघुजी पन्तसँगै, अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक सहभागी थिए ।

सरकारको दिनभरको प्रयासपछि भएको वार्ता सहमतिविनै टुंगिएको नेपाल शिक्षक महासंघकी सहअध्यक्ष नानुमाया पराजुलीले बताइन् । 'हामीले हाम्रो प्रस्ताव राखेका छौं । यसबारे कुनै निर्णय हुन सकेन,' पराजुलीले भनिन् । यद्यपि आज (बुधबार) साँझसम्ममा सहमतिको विषय टुंगो लाग्नसक्ने उनको भनाइ थियो । शिक्षक महासंघबाट वार्तामा अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, सहअध्यक्ष पराजुलीलगायत शिक्षक नेताहरू सहभागी थिए । महासंघले सोमबार पनि राति १२ बजेसम्म शिक्षामन्त्रीसँग छलफल गरेको थियो ।

शिक्षकहरू गत २० चैतदेखि काठमाडौं केन्द्रित आन्दोलनमा छन् । संस्थागत विद्यालयमा शैक्षिकसत्र सुरू भइसक्दा पनि सामुदायिक विद्यालयका शिक्षकहरूले माइतीघर-बानेश्वरको मूल सडक कब्जा जारी राखेका छन् । आज पनि शिक्षकहरू कार्यतालिकाअनुसार नै सडक आन्दोलनमा उत्रने तयारीमा छन् । यो बीचमा विभिन्न स्थानीय तहले चाँडो विद्यालयमा फर्कन उर्दी जारी गरेका छन् । शिक्षक महासंघले पनि फिर्ता गएका शिक्षकलाई पनि आन्दोलनमा आउन निर्देशन गरेको छ ।

यथाशीघ्र विद्यालय शिक्षा ऐनको माग राखेर सडकमा उत्रेका उनीहरूलाई विद्यालय कर्मचारीको पनि साथ छ । गलाउने नीतिका साथ प्रस्तुत भए पनि शिक्षकहरू महिना दिन पुग्दासमेत टसमस नभएपछि सरकार लचक बन्ने बाटोमा लागेका बताइन्छ । शिक्षामन्त्री पन्त र शिक्षक महासंघका पदाधिकारीबीच मंगलबार वार्ता तय भएको थियो । यद्यपि शिक्षक महासंघका पदाधिकारीले 'रेस्पोन्स' नगरेपछि वार्ता साँझका लागि धकेलिएको थियो । सोमबारयता सरकारले लगातार वार्ता जारी राखेकोमा सहमतिमा भने पुगिसकेको छैन ।

शिक्षकहरूले सात बुँदे माग राखी तत्काल आठ अर्ब १२ करोड रकम आवश्यक भएको बताउँदै आएका छन् । जसमध्ये राहत दरबन्दीमा कार्यरत उच्च माविमा कार्यरतसहित शिक्षकको बिरामी बिदाका लागि २७ करोड ८७ लाख ८९ हजार, शिक्षक र कर्मचारीलाई निजामती अस्पतालमा उपचारमा उपचार खर्चका लागि ८६ करोड ७८ लाख रूपैयाँ रकम चाहिने उल्लेख छ । यता प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई न्यूनतम मासिक १७ हजार ५०० तलब दिँदा सबैभन्दा धेरै छ अर्ब ३७ करोड ३८ लाख ११ हजार ६०० रूपैयाँ खर्च लाग्ने देखिन्छ । यसैगरी राहत शिक्षकको लागि अन्य शिक्षकसरह स्थानीय भत्ताको दुर्गमभत्ता ४० करोड ६७ लाख ७९ हजार रूपैयाँ आवश्यक पर्ने महासंघले जनाएको छ ।

### निवर्तमान शिक्षामन्त्री भट्टराईलाई बहिष्कार, पन्तलाई पत्याए

यसअघि शिक्षकको माग पूरा गर्न आवश्यक आठ अर्ब रूपैयाँ रकमबारे तत्कालीन शिक्षामन्त्री विद्या भट्टराई र अर्थमन्त्री पौडेलबीच एक प्रकारले सहमति भइसकेको थियो । वैशाख ७ गतेको मन्त्रिपरिषद्बाट उक्त निर्णय आउने आशासमेत गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### केही नेपाल ऐन संशोधनमा वैदेशिक रोजगार

# सय संख्याको प्रावधान खारेज गर्ने विधेयक प्रतिनिधिसभाबाट पारित

- 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' पारित हुँदा वैदेशिक रोजगार ऐनसमेत संशोधन
- सय संख्याको खारेजलगायत वैदेशिक रोजगार ऐनका विभिन्न प्रावधान संशोधन
- प्रतिनिधिसभाबाट पारित उक्त विधेयक अब राष्ट्रिय सभामा जाने



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाबाट 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' पारित हुँदा वैदेशिक रोजगार ऐनसमेत संशोधन भएको छ । मंगलबारको प्रतिनिधिसभा बैठकले बहुमतबाट उक्त विधेयक पारित गरेको हो ।

प्रतिनिधिसभाबाट पारित विधेयकमा ७९ वटा ऐन संशोधनमा परेका छन्, जसमा वैदेशिक रोजगार ऐन, २०६४ का केही प्रावधान संशोधन गरिएको छ । वैदेशिक रोजगार ऐन संशोधनमार्फत १०० संख्याको प्रावधान खारेज गरिएको छ । वैदेशिक रोजगार व्यवसायीहरूको टाउको दुखाइको विषय बन्दै आएको यो प्रावधान अब खारेज हुने भएको हो । राष्ट्रिय सभाबाट संशोधित व्यवस्था फेरबदल नभए व्यवसायीले उठाउँदै आएको यो माग सम्बोधन हुने छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड 'घ२) मा 'लगातार दुई वर्षसम्म १०० जना पनि कामदार पठाउन नसकेमा' इजाजतपत्र रद्द हुने व्यवस्था छ । मंगलबार पारित विधेयकको क्रम संख्या ४८ मा रहेको पहिलो बुँदामा 'दफा १३ को उपदफा (२) को खण्ड (घ२) झिकिएको' अर्थात् खारेज गरिएको उल्लेख छ ।

अब यो विधेयक राष्ट्रिय सभामा जाने छ । राष्ट्रिय सभाबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्र कार्यान्वयनमा आउने छ । लामो समयदेखि यो प्रावधान हटाउन संघर्षरत व्यवसायीहरूले प्रतिनिधिसभाबाट विधेयक पारित भएसँगै ठूलो राहत महसुस गरेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेश बस्नेतले विधेयक पारित भए पनि आधिकारिक डकुमेन्ट प्राप्त भइनसकेको बताए । यद्यपि, निरन्तर लबिइङ गरिरहेकोले यो प्रावधान हट्नेमा आफूहरू ढुक्क रहेको उनको भनाइ थियो ।

सय संख्याको प्रावधानका कारण गत आर्थिक वर्षमा धेरै व्यवसायीहरूले संस्था नवीकरण नै गर्न सकेका थिएनन् ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश



# मानसिक स्वास्थ्यसम्बन्धी दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

**काठमाडौं (प्रस)–** सामुदायिक मानसिक स्वास्थ्यसम्बन्धी दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ। 'समुदायका लागि, समुदायसँग : मानसिक स्वास्थ्यमा निरन्तर सहकार्य' भन्ने नाराका साथ चितवनमा भोलि वैशाख १८ देखि २० गतेसम्म दुई दिने सम्मेलनको आयोजना हुन लागेको हो। सम्मेलनको आयोजना नेपाल इन्स्टिच्युट अफ मेन्टल हेल्थले गर्ने भएको हो।

सम्मेलनको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका संयोजक अमेरिकास्थित हावर्ड मेडिकल स्कुलका सहप्राध्यापक मनोचिकित्सक डा. श्रीधर पौडेलले नेपालमा मानसिक स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्न यो ऐतिहासिक हुने बताए।

उनले भने, 'मानसिक स्वास्थ्यको पहुँचमा अभिवृद्धि गर्न तथा मानसिक समस्याको गुणस्तरीय उपचारलाई प्राथमिक स्वास्थ्य सेवामा एकीकृत गर्दै स्थानीय स्वास्थ्य प्रणालीलाई सबल बनाउन लागि परेका छौं।' सम्मेलनमा १४ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू आयोजक साझेदारको रूपमा जोडिएका छन्। सम्मेलनमा १०० वटाभन्दा बढी प्रस्तुतीकरण हुने आयोजकले जानकारी दिएको छ।

# भेरी अस्पतालको ओपिडी सेवा सञ्चालन

**नेपालगञ्ज (प्रस)–** बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालको मेडिकल स्टोरमा भएको आगलागीका कारण दुई दिनसम्म बन्द भएको भेरी अस्पतालको बहिरङ्ग (ओपिडी) सेवा मंगलबारदेखि सञ्चालनमा आएको छ।

ओपिडी सेवा सञ्चालनसँगै बिरामीको भीड बढेको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. निराजन सुवेदीले जानकारी दिए। उनले अस्पताल विकास समितिका सदस्य डा. डक्ट धितालको संयोजकत्वमा निर्माण भएको आगलागी छानबिन समितिलाई विस्तार गरिएको जानकारी दिँदै छानविन समितिमा अस्पतालका कर्मचारीबाहेक जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालयलगायतबाट एक-एक प्रतिनिधिसमेत सदस्य रहेको बताए।

'धेरै विषय बाहिर आएका छन्, त्यसैले यसको निष्पक्ष छानबिन होस भनेर यस्तो समिति निर्माण गरिएको हो,' डा. सुवेदीले भने। अस्पतालमा गत शनिबार भएको आगलागीका कारण करिब चार करोड बरावरको क्षति भएको अनुमान गरिएको छ। आगालागीबाट अस्पतालमा प्रयोग हुने सबै प्रकारका औषधीसँगै उपकरण र प्रयोगशालामा प्रयोग हुने महँगो मूल्य पर्ने 'भ्याक्सिन'लगायत सबै जलेर नष्ट भएका थिए।

मेडिकल स्टोरभित्र राखिएको 'फ्रिज'मा विद्युत् सर्ट भई आगलागी हुँदा त्यहाँ रहेका औषधि, उपकरण, कम्प्युटरलगायतका सामग्री जलेर नष्ट भएको बताइएको भए पनि त्यसको छानबिन प्रक्रिया सुरु भएको छ।

पृष्ठ १ बाट क्रमशः

## शिक्षकको मागमा...

तर उक्त मन्त्रिपरिषद्बाट कुनै निर्णय नआएपछि भोलिपल्टै भट्टराईले मन्त्रीबाट राजीनामा दिइन्। अर्थमन्त्री पौडेलले नसघाएकै कारण भट्टराईले राजीनामा दिएको बताइन्छ। यद्यपि यसमा प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका रहेको एमाले नेताहरू बताउँछन्। शिक्षकहरूले आन्दोलनमा आएसँगै प्रधानमन्त्रीसँग मात्र वार्ता गर्ने बताउँदै आएका थिए। भट्टराईको राजीनामापछि भने शिक्षक महासंघ शिक्षामन्त्री पन्तसँग वार्तामा जुटेका छन्।

■■■

## फरक बोली...

उद्योगी व्यवसायीबाट विद्युत् महसुल बक्यौता उठाउनुपर्ने अडानमा रहेका कुलमान गत चैतमै ओलीको बर्खास्तगीमा परेका थिए, जसविरुद्ध अहिले पनि काठमाडौंको माइतीघरमा प्रदर्शन हुँदै आएको छ।

सक्रिय राजनीतिबाट टाढा हुँदै गएका कम्युनिस्ट नेता टंक कार्कीका अनुसार ओली डेढ दशकअघिसम्म यति साह्रै अलोकतान्त्रिक थिएनन्। उनी एमालेमा लोकतन्त्रका चर्का वकालतकर्ता थिए। जब २०७१ सालमा पार्टी अध्यक्ष पदमा माधवकुमार नेपाललाई पराजित गरेर पार्टी सत्तामा आए, त्यहींदेखि उनले आन्तरिक लोकतन्त्र मासिदिए।

कार्की सम्झिन्छन्, 'ओली पार्टी नेतृत्वमा आउनुअघि प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूको बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्र रूपमा बोल्न दिनुपर्छ भन्थे।' पूर्ववत् यी मान्यताबाट ओली अहिले पछि हटेका छन्। उनी त विरोधी आवाजलाई निर्ममतापूर्वक दबाउने अलोकतान्त्रिक चरित्रको नेतृत्व देखिएको कार्की बताउँछन्।

■■■

## सय संख्याको...

पछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बाधा अड्काउ फुकाउमार्फत व्यवसायीहरूलाई नवीकरणको बाटो खुलाइदिएको थियो। यो वर्ष पनि नवीकरणको समय नजिकिँदा व्यवसायीहरू सोही प्रावधानसँग त्रसित थिए।

२०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्न भन्दै लगातार दुई वर्ष वार्षिक कम्तीमा १०० जना कामदार पठाउन नसक्ने म्यानपावर कम्पनी नवीकरण नगर्ने व्यवस्था ल्याएका थिए। आफूहरूले स्वतन्त्र रूपमा व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने भन्दै व्यवसायीले भने उक्त प्रावधानको चर्को विरोध गर्दै आएका थिए। यस प्रावधानका कारण बन्द हुने अवस्थामा रहेका म्यानपावर व्यवसायीहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग हारगुहार गर्दै बाधा अड्काउ फुकाउने व्यवस्थाको प्रयोग गरेर इजाजतपत्र जोगाएका थिए। त्यसपछि २०८० असार ३० असार गते तत्कालीन सरकारले सय संख्याको व्यवस्था अव्यावहारिक भएको भन्दै खारेज गर्ने निर्णय गर्दै प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेको थियो।

### ऐनमा भएका अन्य संशोधन

वैदेशिक रोजगार ऐनको दफा ३० मा रहेको सीपमूलक तालिमसम्बन्धी अर्को दफा ३० (क) थपिएको छ। जसअनुसार रोजगारीमा जाने कामदारले लिएको तालिम छ महिनासम्मको भए त्यस्तो तालिमको परीक्षण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गर्ने व्यवस्था छ।

ऐनको ५३ मा वैदेशिक रोजगारीमा गएको व्यक्ति कारणवश फर्किनु परेको अवस्थामा म्यानपावर कम्पनीले प्रतिव्यक्ति एक लाख रूपैयाँ जरिवाना तिर्नुपर्ने व्यवस्था थियो। यसलाई संशोधन गरी पीडित कामदार संख्याको आधारमा जनही ५० हजार रूपैयाँका दरले जरिवाना हुने व्यवस्था गरिएको छ।


**मलेसियामा रोजगारको अवसर** कम्पनी : KAWAL HIKMAH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/१६ LT. No. 322714 चलानी नं. ६०२३६७६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 55 | 0 | 1700 | ५३,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २४ गते (7th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**युएइमा रोजगार** कम्पनी : Ocean7 Recruitment - Sole proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१६ LT. No. 313301 चलानी नं. ६०२२७७४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 93 | 0 | 800 | २९,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construcion Carpenter | 22 | 0 | 1200 | ४४,२३० | | | | | | | |
| 3 | Mason | 29 | 0 | 1200 | ४४,२३० | | | | | | | |
| 4 | Steel Fixer | 32 | 0 | 1200 | ४४,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २४ गते (7th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Max Employment Center Pvt. Ltd.
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



**युएइमा रोजगार** कम्पनी : Silver falcon security services LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१६ LT. No. 309696 चलानी नं.६०२२४६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 24 | 0 | 1200 | ४४,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २४ गते (7th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १६६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com


**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०१/१७**

यस कार्यालयको मिति २०८१/१२/०५ गतेको जन सवाल दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना बमोजिम बिधुतीय बोलपत्र प्रणाली (e-GP) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरूको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस बमोजिम देहायका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता | कबोल अंक रु. (VAT र PS सहित) |
|---|---|---|---|---|
| १. | IDOSANK/Works/ NCB-18/2081/82 | Maintaince of Serma Jaljale Bhandaridanda Isibu Sankranti Aathrai Phedap Sadak Tehrathum | M/S Sumit Mitra Construction, Koshi Rural Municipality-03, Sunsari | NRs. 37,66,602.70 |

**कार्यालय प्रमुख**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बुधबार, १७ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ। |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ। |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला। |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ। |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने। |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ।सुखद |
| **कुम्भ** | समाचारले उत्साह जगाउनेछ। |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**१७ वैशाख, २०८२ (३०, अप्रिल २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३५.७६ | १३६.३६ |
| युरो | १ को | १५४.०१ | १५४.६९ |
| पाउन्ड स्टर्लिङ | १ को | १८१.०५ | १८१.८५ |
| स्विस फ्रैन्क | १ को | १६३.४१ | १६४.१३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९७.८६ | ९८.३० |
| सिङ्गापुर डलर | १ को | १०३.३० | १०३.७५ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.१९ | ३६.३५ |
| कतारी रियाल | १ को | ३७.२५ | ३७.४१ |
| थाई भाट | १ को | ४.०४ | ४.०५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.९६ | ३७.१२ |
| मलेसियन रिङेट | १ को | ३१.१२ | ३१.२५ |
| दक्षिण कोरियन वन | १०० को | ९.४० | ९.४४ |
| स्विडिस क्रोनर | १ को | १४.०० | १४.०७ |
| डेनिस क्रोनर | १ को | २०.६३ | २०.७२ |
| हङकङ डलर | १ को | १७.५० | १७.५८ |
| कुवेती दिनार | १ को | ४४२.५२ | ४४४.४७ |
| बहराइन दिनार | १ को | ३६०.१४ | ३६१.७४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# बौद्धमा बुद्ध जयन्तीको तयारी पूरा

■ प्रभाव संवाददाता



**काठमाडौं–** बौद्धमा २५६९औं बुद्ध जयन्तीको तयारी पूरा भएको जानकारी दिएको छ। बुद्ध जयन्तीलाई भव्यताका साथ मनाउन बौद्ध तामाङ कल्याण गुठीको संयोजकत्वमा २५६९औं बुद्ध जयन्ती मूल समारोह समिति गठन गरिएको छ।

मूल समारोह समितिमा बौद्ध मेलम्ची घ्याङ गुठी, स्थानीय संघ संस्था र क्लबका प्रतिनिधिहरूको सहभागिता रहेको जानकारी दिइएको छ। यही वैशाख २९ गते परेको बुद्ध जयन्तीका अवसरमा सप्ताहव्यापी कार्यक्रमको तयारी गरिएको छ। यस वर्ष बुद्ध जयन्ती मनाउनका लागि काठमाडौं महानगरपालिका वडा नं. ६ ले पाँच लाख र बौद्ध तामाङ कल्याण गुठीले १० लाख रूपैयाँ छुट्टयाएको गुठीका सचिव धरमवीर लामाले जानकारी दिए।

शान्तिका अग्रदूत भगवान् बुद्धको जन्म भएको उक्त दिन सप्ताहव्यापी कार्यक्रमअन्तर्गत विद्यालयस्तरीय हाजिरी जवाफ, चित्रकला, कविता, वक्तृत्वकलालगायत प्रतियोगिता आयोजना गरिने भएको छ। यसैगरी बौद्ध धर्मअन्तर्गतका पाँच सम्प्रदाय ञिङमा, काग्युपा, शाक्यपा, गेलुक्पा र जोनङ धर्म गुरुहरूद्वारा 'वर्तमान परिप्रेक्षमा बौद्ध दर्शनको महत्त्व' बारे प्रवचन दिइने छ।

वैशाख २४ गतेदेखि २८ गतेसम्म विविध कार्यक्रम सञ्चालन गरिने छ। बुद्ध जयन्तीको दिन २९ गते शान्ति र्‍याली :आयोजना गरिने आयोजकले जानकारी दिएको छ।

# वर्गीकरण थालेपछि बञ्चरेडाँडा लगिने फोहोर घट्यो

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले वर्गीकरण गरेर फोहोर व्यवस्थापन गर्न थालेपछि अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडा लगिने फोहोर घटेको छ। फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउने भन्दै अहिले कामपाले ३२ वडामध्ये १० वटा वडामा वर्गीकरण गरिएको फोहोर अन्तिम व्यवस्थापनको कार्य थालेको छ।

फोहोर वर्गीकरणअघि कामपाबाट दैनिक २० गाडी फोहोर बञ्चरेडाँडा जाने गरेको थियो। अहिले फोहोरको मात्रा घटेसँगै दैनिक १५ गाडीमात्रै लाने गरेको कामपा वातावरण व्यवस्थापन विभागकी प्रमुख सरिता राईले जानकारी दिइन्। हाल वडा नं १२, १८, १९, २०, २१, २२, २३ २४, २५, र २७ मा स्रोतमै फोहोर वर्गीकरण गरेर मात्रै व्यवस्थापनको काम भइरहेको छ।

विभाग प्रमुख राईका अनुसार अहिले कामपाले छवटा क्षेत्र निर्धारण गरेर फोहोर व्यवस्थापनको काम थालेको छ। उनका अनुसार प्रत्येक क्षेत्रमा एक-एकवटा 'ट्रान्फरस्टेसन' निर्माण गरी उक्त स्थानमा केही समयका लागि फोहोर राखिने र त्यसपछि अन्तिम व्यवस्थापनका लागि 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लगिने छ।

त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसंख्याका आधारमा क्षेत्र निर्धारण गरी स्रोतमा नै वर्गीकरण गरिएको फोहोर मात्रै व्यवस्थापन गर्ने कार्य थालिसकेको छ। काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित फोहोर 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नाका साथै फोहोरमैला संकलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहोर क्षेत्र निर्धारण गरेर व्यवस्थापन गर्न लागिएको राईको भनाइ छ।


फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ। हाल काठमाडौं उपत्यकाको १८ स्थानीय तहबाट दैनिक एक हजार ६०० मेट्रिक टन फोहोर उत्पादन हुने गरेको छ।

### यसरी गर्न सकिन्छ फोहोर व्यवस्थापन

भान्सामा कुहिने र नकुहिने गरी दुई किसिमको फोहोर जम्मा भएको हुन्छ। कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो नकुहिने फोहोर उत्पादक आफैंले बेच्न सक्छन्। तरकारी (साग सब्जी), बढी भएको खानेकुरा, माछा मासु, हड्डी, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रूखका पात कुहिने फोहोर हुन्।

यस्तै प्लास्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सिमेन्टको ब्याग, बोतल, फलाम नकुहिने फोहोर हुन्। *रासस*

# माओवादी केन्द्रको प्रचार विभाग सचिवमा थापा



**काठमाडौं (प्रस)–** प्रेस सेन्टर नेपालका पूर्वउपाध्यक्ष बलराम थापा नेकपा माओवादी केन्द्रको प्रचार विभाग सचिवमा चयन भएका छन्। थापालाई पार्टीले उक्त पदको जिम्मेवारी दिएको हो। बौद्धिक नेताका रूपमा चिनिने थापा माओवादीमा द्वन्द्वकालदेखि नै क्रियाशील रहँदै आएका छन्। द्वन्द्वकालमा उनले भूमिगत जीवनसमेत बिताएका थिए। दोलखाका थापा काठमाडौंमा पत्रकारितासँगै राजनितिमा सक्रिय छन्

थापाले महिमा साप्ताहिकको सम्पादकका रूपमा काम गरिसकेका छन्। हाल मूलप्रवाह मासिक पत्रिका र युगधारा अनलाइनका सम्पादक छन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०८/०१ मा दर्ता भएको **ग्रिन रे ईन्जिनियरिङ्ग कन्सर्न प्रा. लि. (प्रा.लि. नं. ३०२३९९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०८/१५ मा दर्ता भएको **द्वारका सप्लायर्स एण्ड रे मार्ट प्रा. लि. (प्रा.लि. नं. ३०२८६३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना**

यस कम्पनी कार्पेन्टर हार्डवेयर्स प्रा.लि. ले आयात गरिने सामानहरूका खुद्रा बिक्री मूल्य निम्न उल्लेखित हुने ब्यहोरा जानकारी गराइन्छ।

| HS Code | Particulars | MRP with Vat |
|---|---|---|
| 8414 | EMS9032 | 16,950.00 |
| 8414 | ZMG6009 | 18,080.00 |
| 8414 | EMS9028 | 19,210.00 |
| 8516 | EIG76203 | 18,645.00 |

**कार्पेन्टर हार्डवेयर्स प्रा.लि.**
ज्ञानेश्वर, काठमाडौं, भ्याट न–६१०१४६५७०, फोन नं–०१४५२०२३४

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना !**

(प्रथम पटक प्रकाशित मिति २०८२/०१/१७)

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१९ को स्वीकृत पत्रको आधारमा यस कम्पनीको साविक नाम डिजिलट पसल (प्रा.लि.नं.२५४५९४) परिवर्तन भई डिजिटल पसल प्रा.लि. कायम भएको साथै साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर र अन्य दायित्व समेत परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

DIGITAL PASAL

**डिजिटल पसल प्रा.लि.**
काठमाडौं म.न.पा.-३२, काठमाडौं। प्यान नं.: ६०९९२३४३८
इमेल: websitepasal@gmail.com सम्पर्क नं.: ९८४८६३१३२६

मधेश प्रदेश
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय**
सिमरा, बारा

**गोलिया काठको लिलाम बिक्री सम्बन्धी सूचना**

पहिलो पटक प्रकाशित २०८२।०१।१७ गते

यस डिभिजन वन कार्यालय अन्तर्गतको आ.व. २०८०।०८१ मा गढिमाई साझेदारी वन तथा राष्ट्रिय वनहरूबाट उत्पादन भई घाटगद्दीमा घाटगद्दी गरि राखिएको साल लगायत अन्य विभिन्न जातको गोलिया काठ थान १८७५ को ११४९६.२५ क्यु.फि. काठ सिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्रिको लीग २१ दिने (पहिलो पटक) सूचना प्रकाशित मितिले २१ औं दिनको ४:०० बजे भित्र काठ लिलाम बिक्रि सम्बन्धि बोलपत्र प्रतिस्पर्धामा वन नियमावली २०७९ को नियम १२८ अनुसार सुचिकृत भएका प्रचलित कानुन बमोजिम उद्योगको रूपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ/दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले प्रदेश वन निर्देशनालय जनकपुरधाम धनुषा, जिल्ला प्रशासन कार्यालय, कलैया, बारा र यस कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिनको ४:०० बजे भित्र माथी उल्लेखित कुनै एक कार्यालयमा आवश्यक कागजात सहित सिलबन्दि बोलपत्र पेश गर्नहुन सम्बन्धित सवैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागी यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको बिस्तृत सूचना, Website : www.dfobara.gov.np मा हेर्नु हुन वा मो.नं.९८६६८९०९०४ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२/०१/१७**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ। उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिंदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ।

**तपशिलः**

| | |
|---|---|
| **१. ऋणीको नाम : निशा सुवेदी**<br>बाबु : शंकर के.सी<br>पती : राजिव सुवेदी<br>ना.प्र.नं.: ५९४४४<br>जारी मिति : २०५८/०४/१०, जि.प्र.का.: मोरङ्ग<br>ठेगानाः मोरङ्ग जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. १०।<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०७।<br>**कर्जाको प्रकार : सानो सजिलो कर्जा** | **व्यक्तिगत जमानिकर्ता : राजीब सुवेदी**<br>बाबु : गेहेन्द्र बहादुर सुवेदी<br>पती : डम्बर बहादुर सुवेदी<br>ना.प्र.नं.: १३४७१<br>जारी मिति : २०५१/०४/०२, जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङ जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. १०।<br>हालः मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०७। |
| **२. ऋणीको नाम : सुनिल कुमार साह**<br>बाबु :गुलाव साह हलुवाई<br>बाजे : गंगा साह हलुवाई<br>ना.प्र.नं.: ४८६३७<br>जारी मिति : २०५७/०१/१२, जि.प्र.का.: मोरंग<br>ठेगानाः मोरंग जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. ३।<br>हाल : मोरंग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०६।<br>**कर्जाको प्रकार : सानो सजिलो कर्जा/व्यक्तिगत आवधिक कर्जा** | **व्यक्तिगत जमानिकर्ता : अनिल कुमार साह**<br>बाबु : गुलाव साह हलुवाई<br>बाजे : गंगा साह हलुवाई<br>ना.प्र.नं.: ८११७०<br>जारी मिति : २०६१/०६/२४, जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङ जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. ३।<br>हालः मोरंग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०६। |
| **व्यक्तिगत जमानिकर्ता : रन्जु देवी साह**<br>बाबु : महेन्द्र साह<br>पती : सुनिल कुमार साह<br>ना.प्र.नं.: ७२४०, जारी मिति : २०६१/०६/२६, जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङ जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. ३।<br>हाल : मोरंग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०६। | |
| **३. ऋणीको नाम : दिलिप कुमार मलाहा**<br>बाबु : विलट मलाहा<br>बाजे : सतन दश मलाहा<br>ना.प्र.नं.: ५१०<br>जारी मिति : २०४६/०२/१९, जि.प्र.का.: मोरङ्ग<br>ठेगानाः मोरङ्ग जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं. ११।<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०८।<br>**कर्जाको प्रकार : विपन्न वर्ग कर्जा** | **व्यक्तिगत जमानिकर्ता : अजय कुमार मलाहा**<br>बाबु : दिलिप कुमार मलाहा<br>बाजे : विलट मलाहा<br>ना.प्र.नं.: ०५-०१-७४-०२०९१<br>जारी मिति : २०७४/०२/१९, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङग जिल्ला विराटनगर उ.म.न.पा वडा नं. ८।<br>हालः मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०८। |
| **४. ऋणीको नाम : रनविर कुमार साह**<br>बाबु : जनारदन साह<br>बाजे : शिवु शाह<br>ना.प्र.नं.: ०५-०१-७०-१७६२१<br>जारी मिति : २०७०/०५/१३, जि.प्र.का.: मोरड्ग<br>ठेगाना : मोरड्ग जिल्ला कटहरी गा.वि.स वडा नं. ५।<br>हाल : मोरड्ग जिल्ला कटहरी गा.वि.स वडा नं. ३।<br>**कर्जाको प्रकार : आवाश कर्जा** | **व्यक्तिगत जमानिकर्ता : जनारदन साह**<br>बाबु : शिवु साह<br>बाजे : अजवलाल साह<br>ना.प्र.नं.: ११३६०/५०<br>जारी मिति : २०४५/०८/२१, जि.प्र.का.: मोरङग<br>ठेगाना : मोरड्ग जिल्ला कटहरी नगर/गाउँ पञ्चायत वडा नं. ७।<br>हाल : मोरड्ग जिल्ला कटहरी गा.वि.स वडा नं. ३। |
| **व्यक्तिगत जमानिकर्ता : अरुन देवी साह**<br>बाबु : शिव नारायण साह<br>पती : जनारदन साह<br>ना.प्र.नं.: २८७७, जारी मिति : २०५४/०६/२१, जि.प्र.का.: मोरङग<br>ठेगाना : मोरड्ग जिल्ला कटहरी नगर/गाउँ पञ्चायत वडा नं. ७।<br>हाल : मोरड्ग जिल्ला कटहरी गा.वि.स वडा नं. ३। | |
| **५. ऋणीको नाम : लिला बहादुर श्रेष्ठ**<br>बाबु : राम ब. श्रेष्ठ<br>बाजे :मान बहादुर श्रेष्ठ<br>ना.प्र.नं.: २८७५८,<br>जारी मिति : २०५३/०७/२२, जि.प्र.का.: मोरङ<br>ठेगानाः मोरङ जिल्ला विराटनगर उ.म.न.पा/गा.वि.स वडा नं. १४।<br>हाल : मोरङ जिल्ला विराटनगर म.न.पा वडा नं. १०।<br>**कर्जाको प्रकार : आवाश कर्जा** | **व्यक्तिगत जमानिकर्ता : रमेश कुमार रेग्मी**<br>बाबु : डिल्ली प्रसाद रेग्मी<br>बाजे : नर प्रसाद रेग्मी<br>ना.प्र.नं.: ८३४<br>जारी मिति : २०४२/०७/१९, जि.प्र.का.: मोरङ<br>ठेगाना : मोरङग जिल्ला विराटनगर उ.म.न.पा वडा नं. ५।<br>हाल : मोरङ जिल्ला विराटनगर म.न.पा वडा नं. १०। |
| **६. ऋणीको नाम : धरमिन्दर सोनार**<br>बाबु :राम प्रसाद सोनार<br>बाजे :बाला प्रसाद सोनार<br>ना.प्र.नं.: १३१७८<br>जारी मिति : २०६१/०७/०१, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा/गा.वि.स वडा नं. ८।<br>हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं. ७।<br>**कर्जाको प्रकार : सानो सजिलो कर्जा / व्यक्तिगत आवधिक कर्जा** | **व्यक्तिगत जमानिकर्ता : गिता सोनी**<br>बाबु : राम कुमार सोनार<br>पती : धरमिन्दर सोनार<br>ना.प्र.नं.: ६६१०१९ /१२२३<br>जारी मिति : २०६६/१०/०८, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा/गा.वि.स वडा नं. ८।<br>हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं. ७। |
| **व्यक्तिगत जमानिकर्ता : शुभम सोनार**<br>बाबु : धरमिन्दर सोनार<br>पती : राम कुमार सोनार<br>ना.प्र.नं.: ६६-०१-७५-०१८६५<br>जारी मिति : २०७५/०३/१४, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं. ७। | |
| **७. ऋणीको नाम : गिता कुर्मिनी**<br>बाबु :गिरधारी कुर्मी<br>पती : सुदामा प्रसाद कुर्मी (वर्मा )<br>ना.प्र.नं.: भे.वा.५३७ ( भ्र.मु.वा)<br>जारी मिति : २०४६/०२/२०, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला साइगाउँ गा.वि.स वडा नं. ७।<br>हाल : बाँके जिल्ला जानकी गा.पा वडा नं. १।<br>**कर्जाको प्रकार : कृषी कर्जा** | **व्यक्तिगत जमानिकर्ता : बिजय कुमार वर्मा**<br>बाबु : सुदामा प्रसाद वर्मा<br>बाजे :बच्चु कुर्मी<br>ना.प्र.नं.: २०९६०<br>जारी मिति : २०६२/०९/२५, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला साइगाउँ गा.वि.स वडा नं. ७।<br>हाल : बाँके जिल्ला जानकी गा.पा वडा नं. १। |
| **व्यक्तिगत जमानिकर्ता : संजय कुमार वर्मा**<br>बाबु : सुदामा प्रसाद वर्मा<br>बाजे :बच्चु कुर्मी<br>ना.प्र.नं.: ६६१०३२/३०५<br>जारी मिति : २०६८/१०/२८, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला साइगाउँ गा.वि.स/उ.म.न.पा वडा नं. ७।<br>हाल : बाँके जिल्ला जानकी गा.पा वडा नं. १। | **व्यक्तिगत जमानिकर्ता : दीपक कुमार वर्मा**<br>बाबु : सुदामा प्रसाद वर्मा<br>बाजे :बच्चु कुर्मी<br>ना.प्र.नं.: ६६१०३२/१८५<br>जारी मिति : २०६७/०६/१८, जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला साइगाउँ गा.वि.स/उ.म.न.पा वडा नं. ७।<br>हाल : बाँके जिल्ला जानकी गा.पा वडा नं. १। |
| **८. ऋणीको नाम : मुकेश चौरसीया**<br>बाबु :मुक्ति नारायण प्रसाद चौरसीया<br>बाजे : जगरनाथ प्रसाद चौरसीया<br>ना.प्र.नं.: ६८२८१४७८<br>जारी मिति : २०५५/१२/२१, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पकहा मैनपुर उ.म.न.पा / गा.वि.स वडा नं. ६।<br>हाल : पर्सा जिल्ला पकहा मैनपुर गा.पा वडा नं. ३।<br>**कर्जाको प्रकार : मञ्जुश्री सजीलो कर्जा** | **व्यक्तिगत जमानिकर्ता : ललीता देवी चौरसीया**<br>बाबु : जलदार प्रसाद चौरसीया<br>पतीः मुक्ति नारायण प्रसाद चौरसीया<br>ना.प्र.नं.: ६८२८०६४७<br>जारी मिति : २०४४/१२/२६, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पकहा मैनपुर नगर/गाउँ पञ्चायत वडा नं. ६।<br>हाल : पर्सा जिल्ला पकहा मैनपुर गा.पा वडा नं. ३। |
| **व्यक्तिगत जमानिकर्ता : रुकमिणी चौरसीया**<br>बाबु : मुक्ति नारायण प्रसाद चौरसीया<br>बाजे : जगरनाथ प्रसाद चौरसीया<br>ना.प्र.नं.: ६८२८१२७२<br>जारी मिति : २०५२/१२/२६, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पकहा मैनपुर उ.म.न.पा / गा.वि.स वडा नं. ६।<br>हाल : पर्सा जिल्ला पकहा मैनपुर गा.पा वडा नं. ३। | **व्यक्तिगत जमानिकर्ता : उमेश चौरसीया**<br>बाबु : मुक्ति नारायण प्रसाद चौरसीया<br>बाजेः जगरनाथ प्रसाद चौरसीया<br>ना.प्र.नं.: ६८२८१२७३<br>जारी मिति : २०५२/१२/२६, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पकहा मैनपुर नगर/गाउँ पञ्चायत वडा नं. ६।<br>हाल : पर्सा जिल्ला पकहा मैनपुर गा.पा वडा नं. ३। |
| **व्यक्तिगत जमानिकर्ता : मुक्ती नारायण प्रसाद चौरसीया**<br>बाबु : जगरनाथ प्रसाद चौरसीया<br>बाजेः तिलक प्रसाद बरै<br>ना.प्र.नं.: ६८२८०६४७<br>जारी मिति : २०३८/०४/०७, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पकहा मैनपुर गा.पा वडा नं. ३। | |
| **९. ऋणीको नाम :विमला कुमारी मुखिया**<br>बाबु :श्री काशी नारायण मुखिया<br>पती : राजेन्द्र सहनी<br>ना.प्र.नं.: ४२६<br>जारी मिति : २०५४/०१/०९, जि.प्र.का.:सुनसरी<br>ठेगानाः सुनसरी जिल्ला औरावनी उ.म.न.पा/गा.वि.स वडा नं. १।<br>हाल : मोरङ जिल्ला रंगेली न.पा वडा नं. ७।<br>**कर्जाको प्रकार : कृषी कर्जा** | **व्यक्तिगत जमानिकर्ता : राजेन्द्र सहनी**<br>बाबु : चन्द्रेश्वर सहनी<br>बाजे :प्रेमचन्द सहनी<br>ना.प्र.नं.: ५८८४<br>जारी मिति : २०५५/०५/११, जि.प्र.का.: मोरङ (इ.प्र शाखा रंगेली )<br>ठेगाना : मोरङ जिल्ला रंगेली गा.वि.स वडा नं. २।<br>हाल : मोरङ जिल्ला रंगेली न.पा वडा नं. ७। |
| **व्यक्तिगत जमानिकर्ता : युनेट कुमार सहनी**<br>बाबु : राजेन्द्र सहनी<br>बाजे : चन्द्रेश्वर सहनी<br>ना.प्र.नं.: ०५-०२-७४-०३२९३<br>जारी मिति : २०७४/०६/२२, जि.प्र.का.: मोरङ ,रंगेली<br>ठेगाना : मोरङ जिल्ला रंगेली न.पा वडा नं. ७। | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### छिमेकीलाई दोषी देखाएर उम्किने दाउ

**नेपाल सर्वभौमसत्ता सम्पन्न देश हो। यद्यपि यहाँको सरकार परिवर्तनमा छिमेकी मुलुकदेखि शक्तिशाली राष्ट्रहरूले भूमिका खेल्ने शंकाउपशंका गरिन्छ। कहिले भारतले त कहिले चीनले, कहिले अमेरिकाले त कहिले अरू नै देशले। यस्तै 'कन्स्पिरेसी थ्यौरी'को हल्ला चलाइन्छ। पछिल्ला दिनमा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकालाई भारतले नरुचाएको हल्ला चलेको धेरै भयो। गत असार मसान्तमा कांग्रेससँग मिलेर बनेको सरकारमा ओली प्रधानमन्त्री छन्।**

**हुन त ओलीले अमेरिका र थाइल्याण्ड गरी दुईपटक भेटिसकेका छन्। तर भारतमा भने उनलाई मोदीले 'रेड कार्पेट' ओछ्याइदिएनन्। यसकारण पनि ओली नेतृत्वलाई भारतले नरुचाएको भन्दै बारम्बर समाचारको शीर्षक बन्दै आएको छ। यसबाट नेपाली मिडिया, नेपाली नेता भारत परस्त बन्दै गएको देखाउँछ।**

**यसको पछिल्लो उदाहरण हो, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको अभिव्यक्ति। मंगलबारमात्र भारत भ्रमणबाट फर्केका बाबुरामले भारत नेपालको व्यवस्था नै उल्टयाउने पक्षमा नरहेको बताए। राजावादी समूहको तारन्तर आन्दोलनबाट आत्तिएका सत्तापक्षधरलाई आड मिल्नेगरी बाबुरामले यस्तो बताएको देखिन्छ। किनभने पछिल्ला दिनमा संघीयता र गणतन्त्रमाथि प्रश्न उठेका छन्। यसको मूल कारण नेतातन्त्रले गर्दा हो। तर यसमा पनि नेताहरूले गणतन्त्र नचाहेको भन्दै भारतलाई नै दोष दिएर आफ्नो कमजोरी लुकाउने प्रयास गरिरहेका छन्।**

**बाबुराममात्र हैनन् परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि महिना दिनअघि भारतबाट फर्कने क्रममा यस्तै अभिव्यक्ति दिएकी थिइन्। चैत ७ गते भारतबाट फर्कने क्रममा आरजुले नेपालको व्यवस्था उल्टयाउने वा सरकार नै परिवर्तन गर्ने पक्षमा भारत सरकार नरहेको बताएकी थिइन्। यसरी नेताहरूले निरन्तर भारतको चाहनाबारे भन्ने र मिडियाले यस्तै विषयलाई कन्टेन्ट बनाउँदा के प्रस्ट हुन्छ भने नेपाली नेताहरू भारतपरस्त भइरहेका छन्।**

**काम आफू नगर्ने, आशा जगाउने खालका काम केही नगर्ने अनि दोषजति छिमेकी देशलाई लगाएर उम्किने ? यो नेताहरूको धूर्तता एकदम गलत भयो। यसरी जनतालाई झुक्याउने काम, ठग्ने काम गर्न हुन्न। दुई ठूला दल मिलेर सरकार बनेको सायदै इतिहास कमै छ। यस्तो अवस्थामा जोधाहा शैलीमा काम गर्नुपर्नेमा विकास र सुशासनमा पटक्कै ध्यान सरकारले पटक्कै ध्यान दिएको छैन। जनताको समस्या समाधान गर्नेतर्फ ध्यान दिएकै छैन। आफ्नो कमीकमजोरी लुकाउन गणतन्त्र जोखिममा परेको, छिमेकीले नचाहेको जस्ता विषय ओकल्नु र त्यस्तै पात्र प्रयोग गरेर बच्न खोज्नु दुर्भाग्यपूर्ण हो। कलान्तरमा यसले आफैंलाई हानि पुग्ने छ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ। तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन। गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# लोकतन्त्रको ऐना हो संसद्



■ डा. शोभाकर पराजुली

*लोकतन्त्रमा जनताले आफैं प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन्। तर जनताबाट चुनिएर आएका प्रतिनिधिहरूले नै जनतालाई महसुस हुनेगरी काम नगर्दा नयाँ आमनागरिकमा अब संसद्प्रति नै भरोसा निकै कम भएको मान्न सकिन्छ। संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधि थलो हो, जहाँ बसेर प्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन्। जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुनहरु बनाउन सक्छन्।*

संसद्को वर्षे अधिवेशन सुरु भएको छ। गत चैत १९ गते रातिदेखि हिउँदे अधिवेशन अन्त्य भएको थियो। संसद्को वर्षे अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ। वि.सं. २०७२ को नेपालको नयाँ संविधानमै हरेक वर्ष जेठ १५ गते देशको वार्षिक बजेट ल्याउने भनेर लेखिएको छ।

त्यहीअनुसार बजेटका बारेमा तयारी तथा त्यसको कार्यान्वयनका लागि संसद्को वर्षे अधिवेशनको विशेष महत्त्व हुन्छ। तर बजेटबाहेक यसपालि संसद्का अरु पनि धेरै कार्यभारहरू थाँती छन्। सबैभन्दा पहिला त शिक्षक आन्दोलनलाई सम्बोधन गर्नका लागि नयाँ शिक्षा ऐनका बारेमा संसद् एउटा टुंगोमा पुग्नुपर्ने छ। २८औं दिनदेखि काठमाडौंका सडकमा नाराबाजी गरिरहेका शिक्षकहरूलाई अनदेखा गर्न मिल्दैन। सरकारले शिक्षकहरूकै मागअनुसार शिक्षा ऐन पारित गर्ने भनेर वैशाख १२ गते संसद्को बैठक आह्वान गरेको भनिएको थियो। तर मंगलबारसम्म पारितका लागि प्रक्रिया नै अगाडि बढाइएको छैन। त्यसो त उक्त ऐनका लागि आवश्यक कामहरू सकिएकै छैनन्। संसदीय समितिले रातदिन काम गरिरहेको भने पनि त्यसका दफावार छलफल सहमतिमा पुग्न सकेको छैन। यो सँगसँगै संसद्मा टेबल भएका, दर्ता भएका तथा अरु पनि छलफलका क्रममा रहेका थुप्रै विधेयकहरू छन्। त्यसको टुंगो पनि यही अधिवेशनबाट गर्नुपर्ने छ।

यसपालि पनि संसद्का यति धेरै कार्यभारहरू छन् कि अब सांसदहरूले रातदिन नभनेर संसद्मा काम गर्नुपर्ने छ। संसद् भनेको जनताको एउटा प्रतिनिधि थलो हो, जहाँबाट जनतालाई सुन्नै नखोज्ने सरकारलाई पनि त्यहाँबाट सुनाउन सकिन्छ। सरकारले संसद्लाई सुन्नैपर्छ। संसदीय प्रणाली भनेकै जनताको सार्वभौमिकतालाई सर्वोच्चता दिने प्रणाली हो र यही प्रणालीअन्तर्गत बनेका कुनै पनि सरकार संसद्प्रति नै उत्तरदायी हुनुपर्छ। त्यो सरकारको निर्भता नै संसद्मा रहन्छ। प्रजातान्त्रिक शासन व्यवस्थामा संसद् एउटा त्यस्तो निकाय हो, जसले राष्ट्रको कार्यकारी निकाय अर्थात् सरकारको वैधता निर्धारण गर्दछ। सरकार चल्न अनि टिक्नका लागि पनि संसद्को विश्वास जित्नुपर्छ। जुन दिन संसद्को विश्वास रहँदैन, त्यो दिन सरकार पनि रहँदैन। खासमा यही शक्ति सन्तुलन अर्थात् शक्तिपृथकीकरणको एउटा अंग नै संसद् हो।

जनताले निर्वाचनमार्फत चुनेका उनीहरूका आफ्नै प्रतिनिधिहरूले जनताका मुद्दाहरूबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुनहरूको निर्माण गर्ने थलो नै संसद् हो। कामकाजी भाषामा भन्ने हो भने संसद् भनेको जनताको जीवनसँग गाँसिएको एउटा लोकतान्त्रिक थलो हो। लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यास चुनाव हो र त्यसमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन्। देशभरिबाट चुनिएर आएका तिनै जनताका प्रतिनिधिहरूलाई सांसद भनिन्छ र उनीहरूले मन्थन गर्ने थलो भनेको संसद् हो। नेपालले राजनीतिलाई संसदीय संरचना र संसदीय सर्वोच्चतालाई स्वीकार गरिएको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै समय भइसकेको छ। र, पनि यहाँको राजनीतिक संस्कारले संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा त्यसको प्रभावकारिता आमनागरिकले महसुस गर्न सकेका छैनन्।

नेपालको संसदीय यात्रामा अनेक आरोह अवरोधहरू देखापर्दै आएका छन्। कहिले विघटनको मार अनि कहिले निलम्वनको पासो। कहिले कुनै शासकीय परिवन्द त कहिले अवरोधका अनेकौं बहानाहरू। नेपालमा पहिलोपटक २०१५ सालमा आमनिर्वाचन भयो। राणाशासनको अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद्को माग अघि सारेको थियो। यद्यपि, त्यो बेला 'क्रान्तिकारी'हरूले संविधानसभाकै गठन हुनुपर्ने भनेका थिए। तर राणासँगको सम्झौतापछि राणा-कांग्रेसको संयुक्त सरकार बन्यो। त्यो अन्तरिम सरकार पनि संविधानसभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो। यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ फागुन ७ मा पहिलोपटक संसदीय निर्वाचनको घोषणा भयो।

नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो। त्यसपछि २०१६ असार १६ गते मध्यरातमा मात्रै संसद्को पहिलो बैठक बोलाइएको थियो। नेपालमा संसदीय राजनीतिको यो पहिलो कोशेढुंगा थियो। तथापि, यो सांसदले आफ्नै पूरै शैसवकाल पनि बाँच्न पाएन। संसदीय अभ्यास तंग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाटै निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए। जनताको प्रजातान्त्रिक थलो खोसियो। जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि जेल हालियो। त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै लड्नमा बिते। त्योबेला पनि पञ्चायती भारद्वार हरूको पञ्चायती सभाहरू त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन्। ती त बरु दरबार रिझाउने र जनतामाथि शासन लाद्नेहरूको मात्रै पञ्चायत थिए।

वि.सं. २०४६ को जनआन्दोलनपछि फेरि संसद् पुनःस्थापित भयो। र, २०४८ सालमा संसदीय निर्वाचन भयो। त्यसपछिका संसद्हरू पनि धेरै खलबलिए। बहुदलीय शासन व्यवस्था भएका कारण न संसद् स्थिर भयो न सरकार नै। पटक-पटक फेरिने सरकारहरूले नै संसद्लाई बिथोल्ने काम गरे। २०५२ सालपछि २०६२-६३ सम्म कुनै पनि संसद्ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन्। यो वा त्यो बहानामा कहिले संसद् भंग गरियो। माओवादी जनयुद्धका बेला २०५९ सालमा त फेरि राजा ज्ञानेन्द्रले 'कू' गरे। फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एकप्रकारको प्रतिबन्ध लाग्यो। फेरि अर्को जनआन्दोलन भयो। यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनःस्थापनालाई आफ्नो 'बटमलाइन' बनाएको थियो। खासगरी तत्कालीन नेपाली कांग्रेसका सभापति तथा आन्दोलनका कमाण्डर स्व. गिरिजाप्रसाद कोइरालाले संसद् पुनःस्थापनाको अडान लिएका थिए। त्यहीअनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्सहित जनताका सारा अधिकारहरू फिर्ता गरे।

एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद्को शक्ति कति हुन्छ भन्ने कुरा नेपालका हरेक संसद्हरूले गतिला उदाहरणहरू पेस गरेका छन्। यो त्यही संसद् थियो जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो। राजा र राजसंस्थाको शताब्दियौंको विरासत यही संसद्ले अन्त्य गरिदिएको थियो। त्यतिमात्रै होइन, हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै राजनीतिको यो बाटोमा ल्याइदियो। त्यसपछि २०६४ साल र २०७० सालमा संविधानसभाको निर्वाचन भयो। यो संविधानसभाले २०७२ सालमा संविधान जारी गऱ्यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पनि फेरि संसदीय चुनाव भयो। यो बेला देशमा गणतन्त्र आइसकेको थियो। देशको शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र संघीयतामा गइसकेको थियो। स्थानीय तह र प्रदेशदेखि संघसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो।

लोकतन्त्रमा जनताले आफैं प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन्। तर जनताबाट चुनिएर आएका प्रतिनिधिहरूले नै जनतालाई महसुस हुनेगरी काम नगर्दा नयाँ आमनागरिकमा अब संसद्प्रति नै भरोसा निकै कम भएको मान्न सकिन्छ। यसरी सरसर्ती सामान्य भाषामा बुझ्ने हो भने संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधि थलो पनि हो, जहाँ बसेर प्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन्। जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुनहरू बनाउन सक्छन्। एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्को बैठकहरू अवरुद्ध हुँदा त्यसले कति क्षति पुऱ्याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन। तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ। एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आमजनताको भरोसा टुट्दै जान्छ। जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन्। संसद् अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकांकी हुन जान्छ। संसद् भनेको शक्तिपृथकीकरणको एउटा अभिन्न अंग पनि हो। एक प्रकारले संसद् बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ।

जनतामा सरकार तथा राजनीतिप्रति उभरिएको आक्रोश र असन्तुष्टि विस्तारै व्यवस्थाविरुद्ध नै विष्फोट हुन थालेको छ। हरेक दिनजसो सरकार, राजनीतिक दल र नेताहरूमाथि बर्सिने गालीहरू भने सरकार वा शासक वर्गमाथि जनतामा टुट्दै गएको भरोसाको चिह्न हो। त्यसैले सरकारपछि जनताका आवाज सुन्ने र त्यसलाई प्रभावकारी मन्थन गर्ने थलोका रूपमा संसद् चलाऔं र त्यसलाई चल्न देऔं। संसद् भनेको हाम्रो लोकतन्त्रको एउटा अर्को ऐना पनि हो। तस्बिर गतिलो देखिए आफूलाई बदलौं, धुलो लागेको भए त्यसलाई सफा गरौं। तर त्यसलाई फोड्ने र तोड्ने प्रयास कहिल्यै नगरौं। *रासस*

# पशुपतिनाथको जानकारी लिन उपयोगी पुस्तक



■ पूर्णप्रसाद मिश्र


नेपालमा राष्ट्रदेवका रूपमा पूजिने पशुपतिनाथको माहात्म्य र महत्त्वका बारेमा धेरैले जान्न इच्छा राख्छन्। पशुपतिनाथका विषयमा केन्द्रित भएर लेखिएका पुस्तक त पाइन्छन् तर धेरै विषय समेटिएको पुस्तक पाउन गाह्रो भइरहेका बेला पाठकका लागि आवश्यक सामग्री समेटिएको पुस्तक सार्वजनिक भएको छ।

'भगवान् श्रीपशुपतिनाथ' नाम दिइएको यो पुस्तकले पाठकका धेरै जिज्ञासा शान्त गर्छन्। श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले प्रकाशन गरेको पुस्तकमा पाँच खण्डमा पशुपतिनाथको वर्णन गरिएको छ। पहिलो खण्डमा पशुपतिनाथको स्तुति प्रस्तुत गरिएको छ। यो खण्डमा रुद्रसूक्त, पशुपतिस्तुति, दारिद्यदहनशिवस्तोत्र, शिवस्तुति, पशुनां पतये नमः, पञ्चवक्त्रस्तुति, शिवषडक्षरस्तोत्र, वेदसारशिवस्तोत्र, श्रीशिवापराधक्षमापनस्तोत्र, महेश्वरस्तुति, शंकरस्तव, शिवस्तोत्र, भैरवस्तोत्र, श्रीरुद्राष्टकम्, पशुपतये नमः, शिवस्तवः, शिवशरणगति, शिवमहिम्नस्तव, किरातेश्वरस्तुति, पञ्चवक्त्रस्तुति, शिवस्तुति, अर्धगौरीश्वरस्तुति, छत्रचण्डेश्वरस्तुति, रुद्रस्तुति, पशुपतिस्तुति, शिवस्तुति, ॐ नमः शिवाय, प्रभु पशुपति, परमपशुपतिं नौमि नित्यं, ॐ नमः पशुपतये, महेशाष्टकम्, श्रीशंकरप्रमाणिकाष्टकम्, करं तं नमामि, जय शम्भो ! शिव ! चन्द्रशेखर !, वन्दे हे पशुका पते !, शिव दिऊन् कल्याणको चुम्बन र पशुपते गरी ३७ वटा स्तोत्र यो खण्डमा समावेश गरिएको छ। यी स्तोत्रको पाठ मात्रले पनि व्यक्तिलाई आनन्दानुभूति हुन्छ।

दोस्रो खण्डमा तत्व दर्शनसँग सम्बन्धित २५ लेख समावेश गरिएको छ। यो खण्डमा स्वामी आत्मानन्द गिरी, उमेशप्रसाद घिमिरे, कविराज न्यौपाने, प्रा डा कार्तिकेय झा, प्रा डा कुलप्रसाद कोइराला, गिरिधारी भट्ट, प्रा गोपालनिधि तिवारी, पण्डित गोविन्द भट्टराई, प्रा चूडानाथ भट्टराय, डा चेतमणि न्यौपाने, प्रा चेतोनाथ गौतम, डा जगमान गुरुङ, दधिराज सुवेदी, प्रा डा दीर्घराज घिमिरे, प्रा डा दुगाप्रसाद दवाडी, प्रा डा देवमणि भट्टराई, रथी धनशम्शेर जबरा, प्रा भवानीप्रसाद खतिवडा, प्रा बुद्धिसागर पराजुली, स्वामी डा रामानन्द गिरी, प्रा डा विष्णुप्रसाद शर्मा देवाकोटा, पूर्वसचिव शरत्कुमार भट्टराई, शिवगोपाल रिसाल गरी यो खण्डमा २१ जना स्रस्टाले पशुपतिनाथको महत्त्व र महिमाका बारेमा कलम चलाएका छन्।

पशुपतिनाथको तात्त्विक स्वरूप र पञ्चकृत्यको वर्णन एवं व्याख्याद्वारा भक्तलाई मार्गदर्शन गर्न र पशुपतिनाथका बारेमा जिज्ञासुको जिज्ञासा समाधान गर्न 'भगवान् श्रीपशुपतिनाथ' नामक पुस्तक प्रकाशन गरिएको प्रतिष्ठानका अध्यक्ष देवीप्रसाद चापागाईं बताउँछन्।

प्रतिष्ठानको यो पाँचौं प्रकाशन हो। पुस्तकको पहिलो खण्डमा स्तुति, दोस्रो खण्डमा तत्व दर्शन, तेस्रो खण्डमा उपासना, चौथो खण्डमा इतिहास-संस्कृति र पाँचौं खण्डमा अनुसूची समावेश गरिएको छ। स्तुति खण्डमा ३७ स्तुति समावेश गरिएको छ। तत्व दर्शन खण्डमा विभिन्न विद्वान्का २५ वटा लेख समावेश गरिएको छ। उपासना खण्डमा १८ वटा लेख, इतिहास-संस्कृति खण्डमा इतिहास र संस्कृतिसँग सम्बन्धित विभिन्न विद्वानका २१ लेख समावेश गरिएको छ।




पशुपतिक्षेत्रका स्थापित देवीदेवताहरू, गुह्येश्वरीपीठ, पशुपतिक्षेत्रका जात्रापर्व, रामायणमा पशुपतिनाथ, पशुपतिनाथ र पाशुपतक्षेत्र, भगवान् पशुपतिनाथको मन्दिर र परिसरक्षेत्रको संक्षिप्त परिभ्रमण, नेपालमा पाशुपत धर्मको विकास, सर्वधर्मसमभावका प्रतीक भगवान् पशुपतिनाथ, पशुपतिक्षेत्रको धार्मिक पर्यटन, पशुपतिनाथको पुजारी परम्परा, प्राचीन नेपालमा पाशुमत, त्वं शंकरोऽसि भुवनत्रयशंकरत्वात्, पशुपतिक्षेत्रका केही प्राचीन शिवलिंगहरू, वेदमा रुद्र र पशुपति, पुराणहरूमा पशुपति-चिन्तन, नेपाली स्थापत्यविधामा श्रीपशुपतिमन्दिर, विश्वसम्पदाको रूपमा पशुपति मन्दिर, पशुपति परिसरका देवीदेवता, वाग्मती र पशुपति, शिवमहापुराणमा पशुपतिनाथ, भगवान् पशुपतिथान तथा पशुपति मुद्राजस्ता विषयमा लेख समावेश गरिएको छ।

पाँचौं खण्डमा पाशुपतत्रसूत्रम्, श्रीमच्छंकाचार्यविरचितम् पशुपतिपूजा विधाननम, पाशुपत दीक्षा, पशुपति क्षेत्रमा अग्निहोत्र परम्परा, पशुपति क्षेत्रको भौतिक स्वरूप र मूर्त सम्पदाहरू, वैदिक सनातन धर्ममा आरतीको महिमा, विभिन्न कार्यक्रम एवं गतिविधिको तस्बिर संकलन गर्न पाइने जनाइएको छ।

पुस्तकमा एक हजार १६४ पृष्ठ छ। पुस्तकको सम्पादनमण्डलमा प्रा ई देवीप्रसाद चापार्गा, डा नयँनाथ पौडेल, प्रा डा कुलप्रसाद कोइराला, प्रा डा दिवाकर आचार्य, डा गोविन्द टण्डन, डा माधवपसाद लामिछाने, रवीन्द्रप्रसाद गिरी, मदनकुमार डंगोल, पण्डित गोविन्द भट्टराई, डा विनुबाबा अर्याल, ज्योतिष पण्डित युवराज तिमल्सिना, श्रीधर गौतम, खगेन्द्रप्रसाद गिरी र राजेन्द्रराज कठायत रहेका छन्।

प्रत्येक स्तुतिको नेपालीमा भावानुवाद गरी सामान्य मानिसले पनि यो पुस्तक पढ्न सक्ने बनाइएको छ। पुस्तकले पशुपतिनाथका बारेमा धेरै कुरा स्पष्ट पारेको छ। धेरै गहन विषयवस्तु भएकाले सामान्य पढाइबाट पुस्तकले उठाउन खोजेकाले एकैपटकको पढाइबाट सबै कुरा बुझ्न कठिन हुनसक्छ।

पशुपतिनाथ, पाशुपतदर्शन र पशुपति तत्वका बारेमा विभिन्न ग्रन्थले उल्लेख गरेका विषय खोजी गरी पुस्तकमा समावेश गरिएकामा त्यसलाई अझ सरल भाषामा राख्न सकिएको भए अझै प्रभावकारी हुने थियो। भाषा शैलीका हिसाबले पनि एकपटक हेरेर सहजरूपमा प्रस्तुत गरिएको भए यो ग्रन्थ अझै प्रभावकारी हुने थियो। अझै धेरै मानिसले यसको अध्ययनबाट लाभ लिन सक्ने थिए। अहिलेलाई त्यसो नभए पनि यो ग्रन्थ एउटा ऐतिहासिक एवं संग्रहणीय कृतिका रूपमा नेपाली पाठकमाझ आएको छ।



**थाकलको पातको सदुपयोग** | नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोटका महिलाहरू थाकलको पातबाट झोला, टोपीलगायतका सामग्री निर्माण गर्दै । *तस्बिर: टेकराज पोखरेल/रासस*

# रोजगारी र उद्यम प्रवर्द्धनका लागि उत्कृष्ट उद्यमी छनोट

**मध्यविन्दु (नवलपरासी)–** यहाँको हुप्सेकोट गाउँपालिकामा ४० उत्कृष्ट उद्यमी छनोट गरिएको छ । उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, हुप्सेकोट गाउँपालिका र 'दायित्व' नामक एक संस्थाको सहकार्यमा सञ्चालित 'वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम' अन्तर्गत यहाँका ४० जना उत्कृष्ट उद्यमी छनोट गरिएको हो ।

गाउँपालिकाभित्र रोजगारी र उद्यम प्रवर्द्धनका लागि गरिएका अध्ययन तथा सम्भाव्यता विश्लेषणपछि खुला आवेदन आह्वान गरिएको थियो । प्राप्त ९८ आवेदनमध्ये सोच र सीप, विद्यमान अवस्था, नवप्रवर्तन क्षमता, व्यावसायिक योजना, बजार सम्भावना, नेतृत्व क्षमता र सामाजिक प्रभावजस्ता मापदण्डका आधारमा उद्यमी छनोट गरिएको हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिए ।

'छनोट भएका ४० उद्यमीमध्ये आगामी चरणमा उत्कृष्ट २० लाई सुदृढीकरण तालिम




दिइने छ । त्यसपछि उनीहरूलाई व्यावसायिक योजना सुधार, बजार विस्तार र उद्यम विकास साझेदारीका माध्यमबाट थप सहयोग गरिने छ,' उनले भने, 'अन्तिम चरणमा मूल्यांकन गरी १० उत्कृष्ट उद्यमीलाई विशेष नेतृत्व विकास, लगानी परिचालन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्न सहयोग गरिने छ ।'

कार्यक्रमको मूल उद्देश्य गाउँपालिका क्षेत्रमा साना तथा लघु उद्यमहरूलाई मजबुत् बनाउँदै दिगो रोजगारी र आय वृद्धिमा योगदान गर्नु रहेको कार्यक्रम प्रबन्धक सञ्जय पोखेलले बताए । 'यस कार्यक्रमअन्तर्गत शासकीय क्षमता सुदृढीकरण र बहुपक्षीय सरोकारवालाबीच ज्ञान आदानप्रदानलाई प्रोत्साहित गर्ने लक्ष्य छ,' प्रबन्धक पोखेलले भने ।

समृद्ध नेपालको साझा परिकल्पनालाई साकार पार्न र ग्रामीण क्षेत्रमा रोजगारी तथा आय वृद्धिमा योगदान पुऱ्याउन 'वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम' त्रिपक्षीय साझेदारीमा सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले बताए ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, हुप्सेकोट गाउँपालिका र दायित्व संस्थाको लागत साझेदारीमा गण्डकी प्रदेशका पाँचवटा गाउँपालिकामा यो कार्यक्रम सञ्चालन गरिएको छ । *रासस*

# वैशाख ३१ सम्म दाउन्नेमा रातिको सवारी आवागमन रोकिने



**नवलपरासी (प्रस)–** नारायणगढ-बुटवल सडकअन्तर्गतको दाउन्ने क्षेत्रमा सडक विस्तारका लागि थप आगामी वैशाख ३१ गतेसम्म सवारी आवागमन बन्द गरेर काम गरिने भएको छ ।

यसअघि यही वैशाख १५ गतेसम्म राति ११:०० बजेदेखि बिहान ५:०० बजेसम्म सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गरिएकामा त्यसलाई वैशाख ३१ गतेसम्म निरन्तरता दिइने भएको हो । नवलरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेका अनुसार दाउन्ने क्षेत्रमा निर्माणकार्य थप केही दिन निरन्तर रहने भएकाले आगामी वैशाख ३१ गतेसम्म प्रत्येक दिन राति ११:०० देखि भोलिपल्ट बिहान ५:०० बजेसम्म आवागमन बन्द गरिने भएको हो ।

'दाउन्ने खण्डमा आवश्यक सडक मर्मतसम्भार र निर्माणकार्य गर्नेगरी रातको समयमा सवारीसाधन सञ्चालन रोकी निर्माणकार्यलाई अहिले तीव्रता दिइएको छ,' उनले भने, 'सो खण्डमा भित्तातर्फ कटिङ गर्न बाँकी रहेको कामलाई वर्षाअगावै सम्पन्न गर्नका निम्ति थप केही दिन आवागमन बन्द गरेर काम गर्ने निर्णय गरिएको छ ।'

यसअघि दाउन्ने सडकखण्डमा चैत २७ देखि चैत ३१ गतेसम्म दिनको ११:०० देखि ३:०० बजेसम्म र २०८२ वैशाख १ गतेदेखि रातिको ११:०० देखि बिहान ५:०० बजेसम्म अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम भइरहेको छ । अहिले दाउन्ने खण्डमा पहाड काट्ने, पर्खाल लगाउने र कल्भर्ट निर्माणको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले बताए ।

नारायणगढ-बुटवल सडकको ११४ किलोमिटरअन्तर्गत गैँडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ र जोखिम बढी रहेको क्षेत्र मानिने दाउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ । १७ अर्ब रूपैयाँ लागतमा सडक निर्माणको ठेक्का पाएको चाइना स्टेट इञ्जिनियरिङ कर्पोरेसनले हालसम्म तीनपटक म्याद थपिसकेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि तेस्रोपटक थप भएको म्याद २०८२ साउन ८ गतेसम्म रहेको छ ।

# नक्कली अनुमतिपत्र पेस गर्ने शिक्षकमाथि भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)–** सिरहाको धनगढीमाई नगरपालिका-९ चैनपुरमा रहेको महावीर माध्यमिक विद्यालय चैनपुरमा झूठा अध्यापन अनुमतिपत्र पेस गरी सेवा गरेको अभियोगमा एक शिक्षकमाथि भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले झूठा अध्यापन अनुमतिपत्र पेस गरी काम गरेको अभियोगमा शिक्षक टीकबहादुर मगरमाथि मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार उक्त विद्यालयको मावि तहमा नियुक्तिका लागि झूठा अनुमतिपत्र पेस गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरी निवेदनमा अनुसन्धान हुँदा निज टीका भन्ने टीकबहादुर मगरले निमावि तहको अध्यापन अनुमतिपत्रलाई मावि तहको बनाइ पटक-पटक झूठा कागजात पेस गरी राष्ट्रसेवक कर्मचारीको रूपमा ओहदा, लाभ र सुविधासमेत प्राप्त गरेका छन् ।

आरोपित शिक्षकमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय माग दाबी गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।


## महाकाली नगरपालिका
## Mahakali Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

## घर नक्सा पास तथा अभिलेखिकरण सम्बन्धमा सूचना

**सूचना प्रकाशित मितिः २०८२/०१/१७**

यस महाकाली नगरपालिका नगर क्षेत्र भित्र निर्माण सम्पन्न भएका एवं नयाँ निर्माण हुने भवन अभिलेखिकरण तथा घर नक्सा पास को सन्दर्भमा यस नगरपालिकाको शहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यविधि २०७८ बमोजिम भइ आइरहेको व्यहोरा सबै सरोकारवालाहरूमा अवगत नै छ, साथै हाल नगर क्षेत्रमा नयाँ घर निर्माण कार्य स्वीकृति बिना धमाधम भइरहेको र निर्माण सम्पन्न पश्चात मात्र अभिलेखिकरण गराउने प्रवृति बढदै गइरहेकोले अब उप्रान्त घर निर्माण गर्न पूर्व नै घर नक्सा पासको स्वीकृति लिएर मात्र घर निर्माण गर्नुपर्ने व्यहोरा शहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यविधि, २०७८ मा प्रष्ट व्यवस्था गरिएको छ, यो कार्यविधि लागु हुनु पूर्व अर्थात् २०७८ साल भन्दा पहिले निर्माण सम्पन्न भएका भवनहरूलाई अभिलेखिकरण गर्ने र २०७८ भन्दा यता निर्माण गर्नु पर्ने भए निर्माण गर्न पूर्व नै घर नक्सा अनिवार्य रूपमा न.पा. मा पास गराइ स्वीकृति लिइ मात्र घर निर्माण गर्नु पर्ने छ, सो बमोजिम भएको नदेखिएमा नियमानुसार कारवाही हुनुका साथै नगरपालिका बाट प्रदान गरिदै आएका अन्य सेवा समेत रोक्न सकिने व्यहोरा अनुरोध गरिन्छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८२/०१/१७ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः एस.एम.फुड प्रोडक्ट्स उद्योग** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र चालुपुजी कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा दर्ता रहेको), दर्ता नं. ५३१६/०६९/७०, दर्ता मितिः २०६९/१२/२१, स्थायी लेखा नं. ६०५६२३८००, ठेगानाः सिरहा जिल्ला, फुलवारिया वडा नं. ३, हाल सिरहा जिल्ला, मिर्चैया न.पा. ९ ।

**प्रोप्राइटरः**
**बविता कुमारी साहः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२१२२-६३ (२०६३/०७/३०/सिराहा), बाबुको नामः सत्य नारायण साहु सुडी, ससुराको नामः रामेश्वर साहु सुडी, पतिको नामः हरी शंकर साह, ठेगानाः सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. हरी शंकर साहः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९२-८८४८४३७६ (२०६२/०४/१६/सिरहा), बाजेको नामः राम प्रसाद साहु सुडी, बाबुको नामः रामेश्वर साहु सुडी, ठेगानाः सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।
**ख. वजरंगी साहः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२१०५०१३-२४२ (२०६२/०४/१४/सिरहा), बाजेको नामः राम प्रसाद साहु सुडी, बाबुको नामः रामेश्वर साहु सुडी, ठेगानाः सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।
**ग. रामेश्वर साहु सुडीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२५/३२१०२०१५ (२०४०/०४/२२/सिरहा), बाजेको नामः मौजे साहु सुडी, बाबुको नामः राम प्रसाद साहु सुडी, ठेगानाः सिराहा जिल्ला, सिक्रोन गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।
**घ. रम्भा महतोः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५-०१-६९-०५५५६ (२०६९/११/१७/सिराहा), बाबुको नामः राजेन्द्र महतो सुडी, ससुराको नामः रामेश्वर साहु सुडी, पतिको नामः बजरंगी साह, ठेगानाः सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।
**ङ. सुवधि सुडीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): स.सी.१८९ (२०४२/०४/१४/सिराहा), ससुराको नाम राम प्रसाद साहु सुडी, पतिको नामः रामेश्वर साहु सुडी, ठेगानाः सिराहा जिल्ला, सिक्रोन गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।

**धितो लेखिदिएको सम्पतिहरुको विवरणः**
**क.** मौजे साहु सुडीको नाति, राम प्रसाद साहु सुडीको छोरा, सिराहा जिल्ला, सिक्रोन गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ बस्ने **रामेश्वर साहु सुडी**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, फुलवरिया गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कि.नं. ३०९९ र ३२८४ को क्षेत्रफल क्रमशः ०-०-१९¹/⁴-० र ०-०-११-८ विघाको जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** राम प्रसाद साहु सुडीको नाति, रामेश्वर साहु सुडीको छोरा, सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ बस्ने **वजरंगी साह**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, फुलवरिया गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कि.नं. ३११९ र ३२८५ को क्षेत्रफल क्रमशः ०-०-१२-० र ०-०-११¹/²-० विघाको जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ग.** सत्य नारायण साहु सुडीको छोरी, रामेश्वर साहु सुडीको बुहारी, हरी शंकर साहको पत्नी, सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ बस्ने **बविता कुमारी साह**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, फुलवरिया गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कि.नं. ३०२०, ३२१०, ३२११ र ३०९८ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-५-०, ०-०-५-० र ०-२-५-० विघाको जग्गा र उक्त जग्गमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः बविता कुमारी साह** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): १२१२२-६३ (२०६३/०७/३०/सिराहा), बाबुको नामः सत्य नारायण साहु सुडी, ससुराको नामः रामेश्वर साहु सुडी, पतिको नामः हरी शंकर साह, ठेगानाः सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा., वडा नं. ५ ।

**३. ऋणीको नामः मदर्श फुड प्रोडक्ट्स** **कर्जा शिर्षकः** क्यास क्रेडिट कर्जा
(गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पर्यटन तथा उद्योग कार्यालय कास्कीमा दर्ता रहेको), दर्ता नं.: १३००९/०७४/०७५, दर्ता मितिः २०७४/०६/०४, स्थायी लेखा नं.: ६०६९४८०१२, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, बुद्धचोक ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**सुनिता क्षेत्रीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४९१४२ (२०६२/०९/२१/सिन्धुपाल्चोक), बाबुको नामः प्रेम बहादुर गुरूङ, ससुराको नामः गणेश बहादुर क्षेत्री, पतिको नामः पदम बहादुर क्षेत्री, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, अत्तरपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताः**
**पदम बहादुर क्षेत्रीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५९/९४३७५ (२०५६/०१/०६/सिन्धुपाल्चोक), बाजेको नामः विर बहादुर क्षेत्री, बाबुको नामः गणेश बहादुर क्षेत्री, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, अत्तरपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ४ ।

**४. ऋणीको नामः पदम बहादुर क्षेत्री** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १५९/९४३७५ (२०५६/०१/०६/सिन्धुपाल्चोक), बाजेको नामः विर बहादुर क्षेत्री, बाबुको नामः गणेश बहादुर क्षेत्री, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, अत्तरपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताः**
**सुनिता क्षेत्रीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४९१४२ (२०६२/०९/२१/सिन्धुपाल्चोक), बाबुको नामः प्रेम बहादुर गुरूङ, ससुराको नामः गणेश बहादुर क्षेत्री, पतिको नामः पदम बहादुर क्षेत्री, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, अत्तरपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ४ ।

**माथि उल्लेखित दुई ऋणीहरूको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**
प्रेम बहादुर गुरूङको छोरी, गणेश बहादुर क्षेत्रीको बुहारी, पदम बहादुर क्षेत्रीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, अत्तरपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा. वडा नं. ४ बस्ने **सुनिता क्षेत्री**को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. १४९ को क्षेत्रफल १२८.०० व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः नेलिसा ग्रिल वर्कशप** **कर्जा शिर्षकः** चालुपुजी कर्जा, क्यास क्रेडिट, डिमाण्ड कर्जा र आवधिक कर्जा ।
(प्रदेश सरकार, प्रदेश नं. ३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको), दर्ता नं.: ४१८२, दर्ता मितिः २०७५/०६/२२, स्थायी लेखा नं.: ६००५५०८७३, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३ ।

**प्रोपाईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**सरोज कुमार तामाङः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७९६४१ (२०५५/०७/२५/काभ्रेपलाञ्चोक), बाजेको नामः सेते मान तामाङ, बाबुको नामः अम्बर बहादुर तामाङ, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गा.पा. वडा नं. ८ ।

**व्यक्तिगत जमानतकर्ताः**
**सर्मिला श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८७३१४ (२०५४/०३/१७/ललितपुर), बाबुको नामः भैरब मान श्रेष्ठ, ससुराको नामः अम्बर बहादुर तामाङ, पतिको नामः सरोज कुमार तामाङ, ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
भैरब मान श्रेष्ठको छोरी, अम्बर बहादुर तामाङको बुहारी, सरोज कुमार तामाङको पत्नी, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २ बस्ने **सर्मिला श्रेष्ठ**को नाममा मालपोत कार्यालय टोखा, सरस्वती, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, खड्का भद्रकाली गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.नं. २६७ को क्षेत्रफल १७४.८५ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# प्रभाव दैनिक

बुधबार, १७ वैशाख २०८२ (Wednesday, April 30, 2025)


**रूपशाला**

### 'मायाप्रीति'मा जोडी बन्दै आशीर्वाद र दिव्या

अभिनेता आशीर्वाद क्षेत्री र दिव्या रायमाझीको जोडी पर्दामा देख्न पाइने भएको छ । अवि श्रेष्ठले निर्देशन गर्ने फिल्म 'मायाप्रीति'मा यी दुईको जोडी देख्न पाइने भएको हो । 'नाइँ नभन्नू ल ६'बाट फिल्ममा डेब्यु गरेको क्षेत्री 'मायाप्रीति'मा जोडिएको निर्माण युनिटले जनाएको छ । यसअघि उनी निरूता सिंहको जोडीको रूपमा फिल्म 'महावीर'मा जोडिएका थिए । केही समयदेखि कार्यशालामा रहेको यो फिल्म 'वन टु थ्री स्टुडियोज प्रालिको ब्यानरमा बन्न लागेको हो ।



# आख्यानकार ध्रुवचन्द्र गौतमलाई 'राष्ट्रिय लेखक पुरस्कार' प्रदान

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली लेखक सङ्घले आख्यानकार डा ध्रुवचन्द्र गौतमलाई दोस्रो राष्ट्रिय लेखक पुरस्कारबाट सम्मान गरेको छ। काठमाडौँस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा मंगलबार आयोजित एक समारोहकाबीच उनलाई रू एक लाख राशिको उक्त पुरस्कार प्रदान गरिएको हो । यसअघि पहिलो पुरस्कार साहित्यकार बैरागी काइँलालाई प्रदान गरिएको थियो ।

तेस्रो राष्ट्रिय लेखक दिवसका अवसरमा आयोजित समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री बद्रिप्रसाद पाण्डेले उनलाई दोसल्ला ओढाएर कदरपत्रसहित पुरस्कार प्रदान गरे । विसं २००० मा वीरगञ्जमा जन्मनुभएका डा गौतमले भारतको पूणे विश्वविद्यालयबाट भाषा विज्ञानमा विद्यावारिधि गरेका छन् । विसं २०२४ बाट उपन्यास लेख्न थालेका उनका २९ वटा उपन्यास प्रकाशित छन् । आधा दर्जन कथा सङ्ग्रह र एक दर्जन नाटक लेखेका डा गौतमका ४५ कृति प्रकाशित भएका कार्यक्रममा जानकारी दिइयो ।

कार्यक्रममा मन्त्री पाण्डेले मुलुकमा पछिल्लो समय आशाभन्दा निराशा बढिरहेको उल्लेख गर्दै आशाको सञ्चार गर्न सबै लाग्नुपर्ने धारणा राखे। उनले विगतमा भन्दा धेरै कुराहरू परिवर्तन हुँदै आए पनि सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्नुपर्नेमा जोड दिए । पुरस्कृत व्यक्तित्व डा गौतमले साहित्यले सम्मानका लागि आभार व्यक्त गरे । उनले लोकतन्त्रलाई बलियो बनाउने साहित्यको महत्वपूर्ण भूमिका रहेको र यसलाई थप सशक्त बनाउनुपर्ने धारणा राखे ।

कार्यक्रममा विभिन्न व्यक्तिलाई मानार्थ सदस्य सम्मान प्रदान गरिएको थियो । यसरी सम्मान पाउनेमा डा. गौतमसहित बैरागी काइँला, राजनीतिज्ञ नरहरि आचार्य, डा. बेञ्जु शर्मा, डा. तुलसी भट्टराई, प्राडा हेमाङ्गराज अधिकारी, साहित्यकार हरि अधिकारी, सनद रेग्मी, पूर्वमन्त्री भक्तबहादुर बलायर रहेका छन् ।

यस्तै, डा. गोविन्दराज भट्टराई, डा. व्रतराज आचार्य, रामानन्द आचार्य, गायत्री श्रेष्ठ, ज्ञानुवाकर पौडेललगायत ३२ जनालाई उक्त सम्मान प्रदान गरिएको थियो । कार्यक्रममा नेपाली लेखक संघकी उपाध्यक्ष बिमला तुम्खेवा, साहित्यकार डा. रत्नमणि नेपाल, अनुपमा रेग्मीलगायतले सम्बोधन गरेका थिए ।

# इन्टरनेसनल फिल्म फेस्टिभलको मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** मे २५ मा इन्टरनेशनल फिल्म फेस्टिभल आयोजना हुने भएको छ । जापानमा नेपाली फिल्म वितरण गर्दै आएको युना इन्टरटेन्मेन्टले 'जिन्सेओ एरिगाटो इन्टरनेशनल फिल्म फेस्टिभल २०२५' आयोजना गर्न लागेको हो ।

आयोजकले उक्त फेस्टिभलको लागि नेपालबाट नोमिनेसनमा परेको लिस्टहरू समेत सार्वजनिक गरेको छ । फेस्टिभलमा एक्सन विधामा फिल्म 'पिताम्बर'बाट ३ जना नोमिनेसनमा परेका छन् । यसै फिल्मबाट बेस्ट एक्टरमा सौगात मल्ल, ब्रेक थ्रु पर्फमेन्स अनुपविक्रम शाही र बेस्ट निर्देशक कृषा चौलागाई नोमिनेसनमा परेका छन् । त्यस्तै ड्रामा विधामार्फत फिल्म 'तेल भिसा'बाट अभिनेता विपिन कार्की छनोट भएका छन् भने अभिनेत्री वर्षा राउत बेस्ट एक्ट्रेसमा नोमिनेसनमा परेकी छन् । 'रंगी'बाट सलोन बस्नेत बेस्ट एक्टरमा नोमिनेसनमा परेका छन् यसै फिल्ममार्फत ड्रामा विधामा उत्कृष्ट फिल्मको नोमिनेसनमा परेको छ ।

फेस्टिभलमा विभिन्न देशका फिल्महरू समावेश हुनेछन् । आयोजक युवा इन्टरटेन्मेन्टले जापानमा नेपाली फिल्म वितरण गर्दै आएको छ । युना इन्टरटेन्टमेन्टका प्रमुख उज्ज्वल गुरागाईले फेस्टिभलको बारेमा जानकारी दिदै भने,'नेपाली फिल्मको बजारलाई अझ बिस्तार गर्नका लागि यो फेस्टिभलको आयोजना गरिएको हो । यसले नेपाली फिल्मलाई अन्तराष्ट्रियस्तरमा पुऱ्याउन सघाउन पुऱ्याउने छ भन्नेमा विश्वास हाम्रो टिमले लिएको छ ।'

उनले थपे, 'नेपाली फिल्मलाई जापानजस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा सम्मानका साथ पुऱ्याउन पाउनु हाम्रो गौरव हो । यो केवल सुरुवात हो । हामी नेपाली कथालाई विश्वव्यापी बनाउन अझै दृढ अडानका साथ अगाडि बढ्नेछौं । नेपाली फिल्मप्रेमीहरूको साथ, विश्वास र मायाले नै आज हामी यो मुकामसम्म पुगेका हौं ।'

उनको अनुसार यो फेस्टिभल नेपाली फिल्महरूको ऐतिहासिक सफलता हुनेछ । जापानमा नेपाली फिल्मलाई अधिकार लिएर प्रदर्शन तथा प्रचारप्रसारमा युना इन्टरटेन्मेन्ट र उज्ज्वल गुरागाईंको नेतृत्वले गर्दै आएकोछ । यस फेस्टिभलको पुरस्कार वितरण समारोह आगामी मे २५, २०२५, साँझ ५ बजे, जापानको मेनिकन कला र संस्कृति मेमोरियल फाउन्डेसन (मुख्य थिएटर आओइ), नागोयामा गरिने छ ।

## रंगशाला

# अभ्यास खेलमा दिल्लीसँग नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला क्रिकेट टोली अभ्यास खेलमा दिल्लीसँग पराजित भएको छ ।

मंगलबार सम्पन्न खेलमा दिल्ली ११ रनले विजयी भएको हो । दिल्लीले दिएको १५४ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १४२ रन मात्रै बनाउन सक्यो । नेपालकी कविता कुँवरले सर्वाधिक ५० रन बनाइन् । अविजित रहेकी उनले ४८ बलमा ६ चौका र एक छक्का प्रहार गरिन् । ओपनर सम्झना खड्काले ४९ बलमा ६ चौका र एक छक्कासहित ५० रन बनाइन् । कप्तान इन्दु बर्मा १६ रनमा आउट हुँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

दिल्लीकी प्रिया मिश्रले सर्वाधिक तीन विकेट लिइन् । चार ओभर बलिङ गरेकी उनले १९ रन खर्चिइन् । मालिका खत्री र मधु धामाको नाममा समान एक विकेट रह्यो ।

त्यसअघि पालम स्टेडियममा टस हारेर पहिला ब्याटिङ थालेको दिल्लीले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १५३ रन बनाएको थियो ।

दिल्लीकी प्रिया पुनियाले सर्वाधिक ५६ रन बनाइन् । ५० बल खेलेकी उनले सात चौका र एक छक्का प्रहार गरिन् । नज्मा खान २६, स्वेता सेहरावत १५ र उपसना यादव १४ रनमा आउट हुँदा आयुषी सोनी ३२ रनमा अविजित रहिन् ।

नेपालकी राजमती ऐरीले सर्वाधिक दुई विकेट लिइन् । तीन ओभर बलिङ गरेकी उनले २९ रन खर्चिइन् । पूजा महतो र इन्दु बर्माको नाममा समान एक विकेट रह्यो ।

# पोखरा थण्डर्सले दुई आइएसएल टोलीसँग मैत्रीपूर्ण खेल खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएल २०२५ को उपविजेता टोली पोखरा थन्डर्स एफसीले भारतको प्रतिष्ठित इन्डियन सुपर लिग (आईएसएल) का दुई टोलीसँग मैत्रीपूर्ण खेल खेल्ने भएको छ ।

पोखराले मंगलबार एक विज्ञप्तिमार्फत आईएसएलका दुई टोलीसँग पोखरा रंगशालामा नै खेल हुने जनाएको हो । पोखराले टोलीको नाम र खेल हुने मितिबारे चाँडै जानकारी दिने जनाएको छ । यसैबीच पोखरा महानगरपालिकाले एनएसएलमा उपविजेता बनेको पोखरा थण्डर्स टोलीलाई विशेष कार्यक्रममार्फत सम्मान गरेको छ । महानगर प्रमुख धनराज आचार्यले टोलीको उच्च प्रदर्शनको प्रशंसा गर्दै खेलाडीहरूलाई सम्मानपत्र र मायाको चिनो प्रदान गरे ।

कार्यक्रममा नगर प्रमुख आचार्यले पोखरा थण्डर्सको आगामी सिजनको तयारीलाई अझ प्रभावकारी बनाउने प्रतिवद्धता जनाउँदै टोलीले पोखरा रंगशालामै प्रशिक्षण गर्न पाउने व्यवस्था महानगरले मिलाउने बताए । पोखराले ललितपुर एफसीसँगको प्रतिस्पर्धात्मक फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गर्दै उपविजेता स्थान हासिल गरेको थियो ।

# मकवानपुरमा हुने महिला गोल्डकप फुटबलको तयारी पूरा




■ प्रभाव संवाददाता

**हेटौँडा–** यही वैशाख १९ देखि हुने सातौं स्थानीय तह मकवानपुर राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिता २०८२ को सम्पूर्ण तयारी पूरा भएको छ । मंगलवार पत्रकार सम्मेलन गर्दै जिल्ला फुटबल संघ मकवानपुरले सातौं स्थानीय तह मकवानपुर राष्ट्रिय महिला फुटबल प्रतियोगिताको तयारी पूरा भएको जानकारी गराएको हो ।

छैटौं संस्करणसम्म पुरुष गोल्डकप प्रतियोगितामात्र गर्दै आएको फुटबल संघ मकवानपुरले यो संस्करणमा पहिलोपटक महिला फुटबल प्रतियोगिता गर्न लागेको हो । गौरीटार रंगशालामा हुने प्रतियोगितामा ३ विभागीय टोलीसहित ५ वटा जिल्लाका क्लब सहभागी हुनेछन् ।

विभागीय टोलीहरू नेपाल आर्मी, नेपाल पुलिस, एपिएफसहित मकवानपुर, चितवन, सर्लाही, रौतहट र बारा जिल्लाका गरी ८ वटा क्लब सहभागी हुने संघका सचिव छविलाल सुवेदीले जानकारी दिए ।

महिला खेलाडीहरूले पछिल्लो समय उत्कृष्ट नतिजा देखाउँदै आएको हुँदा महिला खेलाडीहरूलाई प्रोत्साहन गर्न मकवानपुरमा संस्करणमा पहिलो पटक महिला फुटबल प्रतियोगिता आयोजना गरेको जिल्ला फुटबल संघका अध्यक्ष टिका लामाले जानकारी दिए ।

प्रतियोगिताका विजेताले ५ लाख र उपविजेताले ३ लाख रूपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र पाउनेछन् भने सर्वोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिता सञ्चालनका लागि ६१ लाख रूपैयाँ लाग्ने आयोजकको अनुमान छ ।

प्रतियोगिताको प्रायोजकका रूपमा मकवानपुर जिल्ला हेटौँडा उपमहानगरपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, प्रदेश खेलकुद विकास परिषद्लगायत स्थानीय संघ संस्था रहेका छन् ।

उद्घाटन खेलका दिन खेल हेर्न आउने दर्शकहरूका लागि नि:शुल्क प्रवेशको व्यवस्था गरिएको र अन्य दिनमा भने टिकट शुल्क निर्धारण गरिएको आयोजकले जनाएको छ ।


## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/१७

उपरोक्त विषयमा यस नगरपालिका अन्तर्गत तपशिलको आयोजनाको लागि www.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरूको प्राविधिक प्रस्तावहरूको मूल्यांकन हुंदा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ ४ र ५ बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुंदा संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभूत रूपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल बोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| २०८२/०१/१७ | Bandataal Restoration Project, Belauri Kanchanpur | IFB No.: BELMUN/NCB/L/081/082-05 | i. M/S DNS-BRC Joint Venture Punarbas-2 Kanchanpur<br>ii. M/S Dynamic-Prem Joint VentureDhangadhi Ward No-4 Kailali Nepal<br>iii. M/S PC/AC/RBC Joint Venture Bedkot-07 Kanchanpur<br>iv. Manilek/Shivling/MB Joint Venture Dhangadhi Kailali | २०८२/०१/२३ गते दिनको २:०० बजे, स्थानः बेलौरी नगरपालिका कार्यालय कञ्चनपुर |



विद्युत् कटौती भएको भोलिपल्ट मंगलबार स्पेनको म्याड्रिडस्थित एटोचा स्टेसनमा रेल पर्खँदै यात्रुहरू । सोमबार स्पेन र पोर्चुगलमा भएको देशव्यापी विद्युत् कटौती मंगलबार बिहान पुनर्स्थापित भएसँगै जनजीवन सामान्य बन्न थालेको बताइएको छ । *तस्बिरः एएफपी*

# अटो निर्माताहरूमाथि करको प्रभाव कम गर्ने ट्रम्पको अपेक्षा

**न्युयोर्क–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प धेरै भन्सार महसुलबाट प्रभावित भएका अटो निर्माताहरूमाथिको महसुलको प्रभाव कम गर्न सहमत भएको अमेरिकी मिडियाले सोमबार रिपोर्ट गरेको छ ।

यो कदम राष्ट्रपतिको पदभार ग्रहण गरेको पहिलो १०० दिन पूरा भएको अवसरमा डेट्रोइट नजिकै मंगलबार राति हुने ट्रम्पको र्‍याली अगावै आएको हो । द वाल स्ट्रिट जर्नलले पहिलोपटक रिपोर्ट गरेअनुसार यो परिवर्तनको अर्थ कार आयातमा २५ प्रतिशत भन्सार महसुल तिर्ने कम्पनीहरूले फलाम र एल्मुनियमजस्ता अन्य शुल्कहरू तिर्नु पर्दैन ।

जर्नलका अनुसार प्रशासनले मे ३ मा लागू हुनुपर्ने विदेशी अटो पार्टस्मा केही प्रतिपूर्तिहरू पनि अनुमति दिइरहेको छ । भन्सार महसुलहरूले मेक्सिको र क्यानाडाबाट आयातलाई प्रभावित पार्ने हुनाले अमेरिकी अटो निर्माताहरू सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमध्ये एक हुन् ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौतामा पुनः वार्ता गरेपछि डेट्रोइट कार निर्माताहरूले ती बजार हरूमा लगानी कायम राखे । विश्लेषकहरूले भन्सार महसुलहरूले उच्च मूल्यहरू निम्त्याउन सक्छ भन्दै यसले अमेरिकी कार बिक्रीलाई घटाउँछ र रोजगारीलाई खतरामा पार्ने चेतावनी दिएका छन् ।



जर्नलका अनुसार वाणिज्यमन्त्री हावर्ड लुटनिकले ट्रम्पले 'महत्त्वपूर्ण साझेदारी निर्माण गरिरहेको' बताए । 'यो सम्झौता पहिले नै घरेलु रूपमा उत्पादन गरिरहेका कम्पनीहरूलाई पुरस्कृत गरेर राष्ट्रपतिको व्यापार नीतिका लागि ठूलो जीत हुने छ भने अमेरिकामा लगानी गर्न र घरेलु उत्पादन विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्माताहरूलाई एक मार्ग प्रदान गर्ने छ,' लुटनिकले भने ।

अमेरिकी अटो निर्माताहरूले परिवर्तनलाई स्वागत गरेका छन् । 'अमेरिकी अटोमोटिभ उद्योग र हामीमाथि निर्भर रहेका लाखौं अमेरिकीलाई सहयोग गरेकोमा हामी राष्ट्रपति ट्रम्पप्रति आभारी छौं,' जनरल मोटर्सकी प्रमुख कार्यकारी मेरी बाराले भने । *रासस/एएफपी*

# म्यान्मामा सुकीको बंगलाको लिलामी चौथो पटक असफल

**याङ्गुन–** म्यान्माका अधिकारीहरू मंगलबार आङ सान सुकीको तालको किनारको बंगला लिलामी गर्न असफल भएका छन् । जेलमा रहेकी नोबेल शान्ति पुरस्कार विजेता सुकीको सम्पत्ति बिक्रीले चौथोपटक कुनै बोलीकर्तालाई आकर्षित गर्न सकेन ।

अदालतले नियुक्त गरेको लिलामीकर्ताले याङ्गुनको लिफी युनिभर्सिटी एभेन्यु रोडमा फैलिएको दुई तले भवनको पुरानो गेटबाट बाहिर निस्किएर यसलाई १२ करोड ८० लाख डलरको प्रारम्भिक मूल्यमा प्रस्ताव राखेका थिए । पत्रकारहरूको समूह र दर्जनभन्दा बढी प्रहरीको निगरानीमा लिलामीकर्ताले तीन पटक बोलीकर्ताहरूका लागि सोधे र अन्तमा घोषणा गरे, 'हामी घोषणा गर्दछौं कि लिलामी सफल भएन ।'

सुकी सन् २०२१ को सैन्य कूद्वारा अपदस्थ भएदेखि जेलमा छिन् तर जुन्ता शासनको अघिल्लो अवधिमा यही ऐतिहासिक सम्पत्तिमा वर्षौं नजरबन्दमा बिताएकी थिइन् । लामो कानुनी विवादपछि उनका टाढिएका भाइले भिल्लाको आधा हिस्साको अधिकार जितेका छन् । यसको बिक्री जुन्ता-नियुक्त अधिकारीहरूद्वारा निरीक्षण भइरहेको छ र सुकी आधा आम्दानीको हकदार छन् ।

५४ युनिभर्सिटी एभेन्यु रोडमा नजरबन्दको समयमा सुकीले सीमा बारमा भाषण दिन्थिन् । लोकतन्त्र र अहिंसात्मक प्रतिरोधका बारेमा उच्च वयानबाजीका साथ सयौंको भीडलाई आकर्षित गर्थ्यो । म्यान्माको एक दशक लामो लोकतान्त्रिक प्रयोगले सुकीलाई सन् २०१० मा रिहा भएपछि निर्वाचित व्यक्तित्वका रूपमा सक्षम बनायो र औपनिवेशिक युगको घर त्यो स्थान थियो जहाँबाट उनले यसको नवजात नागरिक सरकारको नेतृत्व गरिन् ।

देश पतित स्थितिबाट उठ्न थालेपछि यसले बाराक ओबामा र हिलारी क्लिन्टनलगायत विदेशी नेताहरूको एक शृंखलाबद्ध ऐतिहासिक भ्रमणहरू देख्यो । सेनाले फेरि शक्ति खोसेपछि सुकीलाई राजधानी नेपिडोमा जेलमा राखिएको छ । आलोचकहरूले उनलाई प्रहसनको रूपमा निन्दा गरेका छन् र उनलाई राजनीतिबाट हटाउन योजना बनाएका छन् ।

रियल इस्टेट एजेण्टहरूका अनुसार उच्चस्तरीय याङ्गुन क्षेत्रहरूमा यस्तै आकारका सम्पत्तिहरूले १० लाखदेखि २० लाख डलर प्राप्त गर्न सक्छन् । सैन्य कूद्वारा सुरु भएको गृहयुद्धले म्यान्माको अर्थतन्त्र ध्वस्त भएकोले देशमा कसले एकल, बढ्दो जीर्ण सम्पत्तिमा १२ करोड ८० लाख डलर खर्च गर्ने स्थितिमा हुने छ भन्ने अस्पष्ट छ ।

यो पहिलोपटक सन् २०२४ मार्चमा तीन खर्ब १५ अर्ब क्याट (आधिकारिक विनिमय दरको आधारमा १५ करोड डलर) मा बिक्रीको लागि राखिएको थियो, तर त्यसपछिका तीन लिलामीहरूमा क्रमशः मूल्य घटाइएको थियो । *रासस/एएफपी*

# क्यानाडाको प्रधानमन्त्रीमा कार्नी विजयी



**ओटावा–** प्रधानमन्त्री मार्क कार्नीले सोमबार क्यानाडाको चुनाव जितेका छन् । उनको लिबरल पार्टीले मतदाताहरूलाई विश्वास दिलाएपछि उनको संकट व्यवस्थापनको अनुभवले उनलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सामना गर्न तयार पारेको थियो ।

सार्वजनिक प्रसारणकर्ता सिबिसी र अन्य आउटलेटहरूले लिबरलहरूले क्यानाडाको अर्को सरकार बनाउने अनुमान गरेका छन् तर उनीहरूले संसद्मा बहुमत प्राप्त गर्ने छन् वा छैनन् भन्ने अझै स्पष्ट भएको छैन । कन्जर्भेटिभ नेता पियरे पोइलिभ्रे प्रधानमन्त्री बन्न असफल भए तर उनको पार्टी बलियो विपक्षी गठन गर्ने बाटोमा थियो ।

पहिले कहिल्यै निर्वाचित पदमा नरहेका र गत महिना मात्र जस्टिन ट्रुडोलाई प्रधानमन्त्रीका रूपमा प्रतिस्थापन गरेका कार्नीले पहिले क्यानाडा र बेलायतमा केन्द्रीय बैंकको गभर्नरका रूपमा सेवा गरेको थियो । ट्रम्पको व्यापार युद्ध र विलयको धम्कीले क्यानाडालीहरूलाई आक्रोशित बनायो र संयुक्त राज्य अमेरिकासँगको व्यवहारलाई अभियानको शीर्ष मुद्दा बनायो ।

६० वर्षीय पूर्वबैंकर कार्नीले आफ्नो अभियान ट्रम्पविरोधी सन्देशमा आधारित गरे, संयुक्त राज्य अमेरिकामाथिको निर्भरता कम गर्न क्यानाडाको विदेशी व्यापार सम्बन्धहरू विस्तार गर्ने वाचा गरे र भने, 'अब हामी अमेरिकालाई विश्वास गर्न सक्दैनौं ।'

कार्नीले ट्रम्पको धम्कीलाई कठोर शब्दहरूमा वर्णन गरेका छन् । 'डोनाल्ड ट्रम्प हामीलाई तोड्न चाहनुहुन्छ ताकि अमेरिकाले हामीलाई आफ्नो बनाउन सकोस्,' उनले चुनावी अभियानमा भने, 'उनीहरूलाई हाम्रो स्रोत चाहिन्छ, उनीहरूलाई हाम्रो पानी चाहिन्छ, उनीहरूलाई हाम्रो जमिन चाहिन्छ, उनीहरूलाई हाम्रो देश चाहिन्छ । उनीहरूले त्यो पाउन सक्दैनन् ।'

जब सिबिसी प्रक्षेपण घोषणा गरियो, ओटावा स्थलमा उल्लासको जयजयकार भयो जहाँ लिबरल समर्थकहरूले परिणामहरू हेरिरहेका थिए । 'म यस अर्थमा खुसी छु कि हामीले श्री ट्रम्पसँग उनको स्तरमा कुरा गर्न सक्ने कोही पाएका छौं,' ७२ वर्षीया डोरोथी गोबल्टले भने, 'श्री ट्रम्प एक व्यापारी व्यक्ति हुनुहुन्छ, श्री कार्नी एक व्यापारी व्यक्ति हुनुहुन्छ र मलाई लाग्छ उनहरू दुवै सम्बन्धित हुन सक्नुहुन्छ ।'

ट्रुडोले राजीनामा दिनुअघि ट्रम्पले उनको उपहास गरेका थिए र प्रधानमन्त्रीलाई 'गभर्नर' भन्दै क्यानाडालाई ५१औं अमेरिकी राज्य बन्न आग्रह गरेका थिए । गोबल्टले त्यो उपहास बन्द हुने अपेक्षा गरेको बताए । 'यो अब गभर्नर होइन, यो क्यानाडाको प्रधानमन्त्री हो र यो अब ५१औं राज्य होइन । यो 'हामी क्यानाडा हौं,' उनले भने ।

लिबरल विधायक र कार्नीको क्याबिनेटका सदस्य स्टिभन गिलबेल्टले परिणामलाई ट्रम्पसँग जोडे । 'राष्ट्रपति ट्रम्पद्वारा क्यानाडाको अर्थतन्त्रमा मात्र नभई अर्थतन्त्र, हाम्रो सार्वभौमिकता र हाम्रो पहिचानमा भएका थुप्रै आक्रमणहरूले क्यानाडालीहरूलाई साँच्चिकै परिचालन गरेको छ र मलाई लाग्छ उनीहरूले प्रधानमन्त्री कार्नीमा विश्व मञ्चमा अनुभव भएको, अर्थतन्त्रको अनुभव भएको व्यक्ति देखेका छन्,' उनले सिबिसीलाई भने ।

कार्नीले सन् २००८-२००९ को आर्थिक संकटमा बैंक अफ क्यानाडाको नेतृत्व गरेका थिए र सन् २०१६ को ब्रेक्जिट मतदानमा आएको उथलपुथलमा बैंक अफ इंग्ल्याण्डको नेतृत्व गरेको थियो ।

## ट्रुडोको प्रस्थान

ट्रुडोको प्रस्थान लिबरल जितका लागि पनि महत्त्वपूर्ण थियो । यो प्रस्थानले क्यानाडाको राजनीतिक इतिहासमा सबैभन्दा नाटकीय मोडहरूमध्ये एकलाई समेटेको थियो ।

ट्रुडोले राजीनामा दिने घोषणा गरेको जनवरी ६ का दिन ट्रुडोको दशकको शासनपछि बढ्दो खर्चहरूबारे सार्वजनिक आक्रोश बढेको अवस्थामा धेरैजसो सर्वेक्षणहरूमा कन्जर्भेटिभहरूले लिबरलहरूलाई २० भन्दा बढी अंकले अगुवाइ गरेका थिए ।

तर कार्नीले ट्रुडोलाई प्रतिस्थापन गरेपछि ट्रम्पका बारेमा राष्ट्रव्यापी चिन्तासँग मिलेर चुनावी दौडलाई परिवर्तन गर्‍यो । कार्नीले चुनावी अभियानभरि ट्रुडोबाट आफूलाई टाढा राखे । उनले पूर्वप्रधानमन्त्रीले क्यानाडाको अर्थतन्त्र बढाउनमा पर्याप्त ध्यान नदिएको बताए । उनले कार्बन उत्सर्जनमा ट्रुडोको विवादास्पद कर खारेज गरे । विवादास्पद करले धेरै मतदातालाई निराश बनाएको थियो ।

दुई दशकदेखि संसद्मा रहेका ४५ वर्षीय पोइलिभ्रेका लागि यो परिणामले पीडादायी पराजयको संकेत गर्दछ । उनले ट्रम्पप्रति निर्देशित मौन क्रोधका लागि उनको आलोचना गरिएको थियो तर उनले घरेलु चिन्ताहरूमा ध्यान केन्द्रित राख्न चाहेको बताए । उनले मतदाताहरूलाई कार्नीले असफल लिबरल शासनलाई निरन्तरता दिने प्रस्ताव गर्ने प्रयास गरेको विश्वास दिलाउन प्रयास गरे तर यो तर्क असफल भयो ।

ओटावाको कन्जर्भेटिभ वाच पार्टीमा जेसन पिचेले उनी परिणामबाट आश्चर्यचकित भएको बताए । 'म आज राति ठूलो उत्सव गर्ने आशा गरिरहेको थिएँ,' उनले भने ।

क्यानाडाको चार करोड १० लाख जनतामध्ये करिब दुई करोड ९० लाख छ वटा समय क्षेत्र फैलिएको विशाल जी-७ देशमा मतदान गर्न योग्य थिए । बहुमतका लागि १७२ सिट आवश्यक रहेको क्यानाडाको ३४३ सदस्यीय संसद्को नतिजा अझै आउन बाँकी छ । लिबरलहरूले सन् २०१५ मा बहुमत प्राप्त गरे तर सन् २०१९ देखि अल्पसंख्यकसँग मिलेर शासन गर्दै आएका छन् । *रासस/एएफपी*

## क्यानाडासँगको सम्बन्ध सुधार गर्न चीन तयार

बेइजिङ- प्रधानमन्त्री मार्क कार्नीले आफ्नो लिबरल पार्टीलाई सत्तामा अर्को कार्यकालका लागि नेतृत्व गर्न देशको चुनाव जितेपछि क्यानाडासँग सम्बन्ध सुधार गर्न खुला रहेको चीनले मंगलबार बताएको छ ।

'चीन आपसी सम्मान, समानता र आपसी लाभका आधारमा चीन-क्यानाडा सम्बन्ध विकास गर्न इच्छुक छ,' विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भने । क्यानाडामा परिणामहरू लिबरलहरूका लागि असाधारण पुनरागमन हो । लिबरलहरू वर्षको सुरुमा चुनावबाट बढारिनेतर्फ उन्मुख देखिन्थे ।

बेइजिङले मंगलबार कार्नीलाई बधाइ दिनबाट टाढा रह्यो, तर भन्यो, 'चीन-क्यानाडा सम्बन्धबारे चीनको स्थिति सुसंगत र स्पष्ट छ ।' बेइजिङ र ओटावाबीचको सम्बन्ध हालका वर्षहरूमा तनावपूर्ण रहेको छ ।

सन् २०१८ डिसेम्बरमा भ्यानकुभरमा अमेरिकी वारेन्टमा एक वरिष्ठ चिनियाँ दूरसञ्चार कार्यकारीको गिरफ्तारी र बेइजिङले जासुसीको आरोपमा दुई क्यानाडालीलाई प्रतिशोधात्मक हिरासतमा लिएकोले सम्बन्ध गहिरो रूपमा चिसिएको छ ।

सन् २०१९ र २०२१ मा क्यानाडाको चुनावमा चिनियाँ हस्तक्षेपको आरोप लागेपछि सम्बन्ध थप तनावपूर्ण भएको थियो । उक्त हस्तक्षेपको आरोपलाई बेइजिङले अस्वीकार गरेको छ । बेइजिङमा सत्तारूढ कम्युनिस्ट पार्टीको मुखर आलोचक रहेका क्यानाडाली विपक्षी सांसद र उनको परिवारलाई लक्षित गरेको आरोपमा विदेशमन्त्री मेलानी जोलीले सन् २०२३ मा एक चिनियाँ कूटनीतिज्ञलाई निष्कासन गरेको थियो ।

ओटावाले हङकङमा सुरक्षा कडाइ र चीनको उइगुर मुस्लिम अल्पसंख्यकहरूको व्यवहारको पनि आलोचना गरेको छ । गत महिना जोलीले ओटावामा पत्रकारहरूलाई क्यानाडाको दयाको अपिललाई अवज्ञा गर्दै चीनले हालका हप्ताहरूमा चार क्यानाडाली नागरिकहरूलाई मृत्युदण्ड दिएको बताए । चीनले मृत्युदण्ड कार्यान्वयन गर्दा 'कानुनअनुसार' काम गरेको दाबी गरेको छ । *रासस/एएफपी*

**युएइमा रोजगार** — कम्पनी : FAST BLDG. CONT. CO. LLC.

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१६ | LT. No. 317663 | चलानी नं. ६०२३१८३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 42 | 0 | 1200 | ४४,२३० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labor | 26 | 0 | 1000 | ३६,८६० | | | | | | | |
| 3 | Carpenter | 8 | 0 | 1200 | ४४,२३० | | | | | | | |
| 4 | House-builder | 19 | 0 | 1000 | ३६,८६० | | | | | | | |
| 5 | Joiner | 27 | 0 | 1200 | ४४,२३० | | | | | | | |
| 6 | Plumber | 14 | 0 | 1200 | ४४,२३० | | | | | | | |
| 7 | Stone Mason | 32 | 0 | 1200 | ४४,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २४ गते (7th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८८८०० | प्रति तोला – ० | प्रति तोला – १९७० |



**जोमसोमै बजारमा** | मुस्ताङको घरपझोङ गाउँपालीका-३ स्थित जोमसोम बजार र पृष्ठभूमिमा निलगिरी हिमाल । मौसम खुलेसँगै जोमसोम आसपासका क्षेत्रहरू थप मनोरम देखिएसँगै पर्यटकहरू हर्षित भएका छन् । *तस्बिर: सुशीलबाबू थकाली/रासस*


# प्रतिनिधिसभाबाट पारित भयो भन्सार विधेयक

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको आजको बैठकले 'भन्सार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१' बहुमतले पारित गरेको छ उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए ।

विधेयकमाथिको छलफलमा सांसद प्रभु साहले प्रस्तुत विधेयकमा भएको व्यवस्थाले सीमा क्षेत्रको जनतालाई दुःख दिने बताए । अवैध रूपमा चोरी पैठारी भएका सामान समाउने नाममा व्यक्तिको निजी सम्पत्ति जफत गर्ने व्यवस्था विधेयकमा राख्न नहुने सांसद साहको धारणा थियो ।

सांसद हेमराज राईले छिमेकी मुलुकसँगको खुला सीमानाका कारण भन्सार प्रशासनका कामको प्रभावकारिता कमजोर भएको बताए । पर्याप्त जाँच उपकरणहरू राख्नुपर्ने र सीमा क्षेत्रमा



सुरक्षाकर्मीको गस्ती बढाउने कुरामा पनि उनले जोड दिए ।

सांसद गंगा कार्कीले व्यापार व्यवसाय गर्नेलाई परेका समस्या समाधान गर्न विधेयक सहयोगी हुने बताए । विधेयकका माध्यमबाट आयात-निर्यात सहज हुने उनले बताए ।

सांसद शिव नेपालीले भन्सार प्रशासनमा प्रविधिको प्रयोगलाई विधेयकले बढावा दिने विश्वास व्यक्त गरे । सांसद गणेश पराजुलीले भन्सार क्षेत्रमा देखिएका समस्या समाधानका लागि नयाँ कानूनी व्यवस्था आवश्यक रहेको र नेपाल सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट विकासशील देशमा रूपान्तरण हुँदा व्यहोर्ने कर तथा गैरकर अवरोधबारे बुझ्न सहज हुने बताए ।

विधेयकमाथिको छलफलमा सांसदहरू प्रेम सुवाल, माधव सापकोटा, रणेन्द्र बराली, किरण कुमार साहलगायत प्रतिनिधिसभा सदस्यले आफ्ना धारणा प्रस्तुत गरेका थिए ।

विधेयकका सम्बन्धमा सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री पौडेलले अर्थ समितिमा पर्याप्त छलफल भएर परिष्कृत रूपमा संशोधनसहित विधेयक आएको बताए । 'भन्सार बिन्दुहरूमा बेथिति नहोस् । व्यवसायीहरू पनि अनावश्यक रूपमा पीडित नहुन् भन्नेलगायत सुझाव आएका छन् । यी सुझाव सकारात्मक छन् । यो विधेयक पारित हुँदा भन्सार व्यवस्थापनमा गुणात्मक सुधार आउने छ । भन्सार प्रशासनमा सुशासन र पारदर्शिता प्रवर्द्धनमा सहयोग पुग्नेछ,' उनले भने ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक भएकाले सरकारले यो विधेयक सदनमा पेस गरेको हो ।

# रोजगारी र उद्यम प्रवर्द्धनका लागि उत्कृष्ट उद्यमी छनोट

■ प्रभाव संवाददाता

**मध्यविन्दु (नवलपरासी)–** हुप्सेकोट गाउँपालिकामा ४० उत्कृष्ट उद्यमी छनोट गरिएको छ । उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, हुप्सेकोट गाउँपालिका र 'दायित्व' नामक एक संस्थाको सहकार्यमा सञ्चालित 'वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम' अन्तर्गत यहाँका ४० जना उत्कृष्ट उद्यमी छनोट गरिएको हो ।

गाउँपालिकाभित्र रोजगारी र उद्यम प्रवर्द्धनका लागि गरिएका अध्ययन तथा सम्भाव्यता विश्लेषणपछि खुला आवेदन आह्वान गरिएको थियो । प्राप्त ९८ आवेदनमध्ये सोच र सीप, विद्यमान अवस्था, नवप्रवर्तन क्षमता, व्यावसायिक योजना, बजार सम्भावना, नेतृत्व क्षमता र सामाजिक प्रभावजस्ता मापदण्डका आधारमा उद्यमी छनोट गरिएको हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिइन् ।

'छनोट भएका ४० उद्यमीमध्ये आगामी चरणमा उत्कृष्ट २० लाई सुदृढीकरण तालिम दिइनेछ । त्यसपछि उनीहरूलाई व्यावसायिक योजना सुधार, बजार विस्तार र उद्यम विकास साझेदारीका माध्यमबाट थप सहयोग गरिनेछ', उनले भनिन्, 'अन्तिम चरणमा मूल्याङ्कन गरी १० उत्कृष्ट उद्यमीलाई विशेष नेतृत्व विकास, लगानी परिचालन तथा राष्ट्रिय र अन्तरराष्ट्रिय बजारसँग जोड्न सहयोग गरिनेछ ।'

कार्यक्रमको मूल उद्देश्य गाउँपालिका क्षेत्रमा साना तथा लघु उद्यमहरूलाई मजबुत बनाउँदै दिगो रोजगारी र आय वृद्धिमा योगदान गर्नु रहेको कार्यक्रम प्रबन्धक सञ्जय पोखेलले बताए । 'यस कार्यक्रमअन्तर्गत शासकीय क्षमता सुदृढीकरण र बहुपक्षीय सरोकारवालाबीच ज्ञान आदानप्रदानलाई प्रोत्साहित गर्ने लक्ष्य छ', प्रबन्धक पोखेलले भने ।

समृद्ध नेपालको साझा परिकल्पनालाई साकार पार्न र ग्रामीण क्षेत्रमा रोजगारी तथा आय वृद्धिमा योगदान पुर्‍याउन 'वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम' त्रिपक्षीय साझेदारीमा सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले बताए ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, हुप्सेकोट गाउँपालिका र दायित्व संस्थाको लागत साझेदारीमा गण्डकी प्रदेशका पाँचवटा गाउँपालिकामा यो कार्यक्रम सञ्चालन गरिएको छ ।

# नेप्से परिसूचकमा १५ अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक १५ दशमलव ०८ अङ्कले घटेर दुई हजार ६३१ दशमलव ९८ को विन्दुमा कायम भएको हो । यो शून्य दशमलव ५७ प्रतिशतको गिरावट हो ।

३११ कम्पनीको एक करोड ८४ लाख ९१ हजार ९४१ कित्ता शेयर ६६ हजार २६५ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ५७ करोड ५२ लाख छ हजार २७८ बराबरको कारोबार भएको छ ।

कारोबारमा 'म्युचुअल फन्ड' समूहको उपसूचक शून्य दशमलव ०७ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूहको उपसूचक एक दशमलव २२ प्रतिशतले घटेको छ । बैङ्किङ शून्य दशमलव ५७, विकास बैङ्क शून्य दशमलव ९०, होटल तथा पर्यटन शून्य दशमलव २०, लगानी शून्य दशमलव ८३ र जीवन बिमा समूह शून्य दशमलव ५४ प्रतिशतले घटेको छ ।

त्यसैगरी उत्पादन तथा प्रशोधन शून्य दशमलव ३४, लघुवित्त शून्य दशमलव ७८, निर्जीवन बीमा शून्य दशमलव ३२, व्यापार शून्य दशमलव ५१ र अन्य समूह शून्य दशमलव ७५ प्रतिशतले घटेको छ ।

कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेड र क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडका शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले घटेको छ ।

## कर्पोरेट

### ब्रिटिस काउन्सिलद्वारा अन्तर्देशीय शिक्षासम्बन्धी अनुसन्धान प्रतिवेदन सार्वजनिक



**काठमाडौं (प्रस)–** ब्रिटिस काउन्सिलले नेपालमा अन्तर्देशीय शिक्षा (ट्रान्सनेशनल एजुकेसन- टीएनइ) को वर्तमान अवस्था र भविष्यका सम्भावनाबारे महत्वपूर्ण तथ्यहरू रहेको एक अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ । यो प्रतिवेदनमा विद्यार्थी र शैक्षिक संस्थालाई प्राप्त अवसर र उनीहरूले भोगेका चुनौतीहरूका बारेमा प्रकाश पारिएको छ । यो प्रतिवेदन ब्रिटिस काउन्सिलले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा सार्वजनिक गरेको हो ।

कार्यक्रममा नीति निर्माता, शैक्षिक संस्थानका उच्च प्रतिनिधि, शिक्षा क्षेत्रका सरोकारवाला, शिक्षक तथा अन्तर्राष्ट्रिय शिक्षा विज्ञहरूबिच अन्तर्देशीय शिक्षा (टीएनइ) का विभिन्न पक्षका बारेमा छलफल भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य दिँदै ब्रिटिस काउन्सिल नेपालका कन्ट्री डाइरेक्टर रुस्तम मोदी, नेपालका लागि बेलायती राजदूत महामहिम रोब फिनलगायतले प्रतिवेदनका बारेमा प्रकाश पारेका थिए ।

### दिगो लगानीका लागि एनएमबि बैंकको पहल

**काठमाडौं (प्रस)–** एनएमबि बैंकले हरित वन्डका लागि विभिन्न अन्तर्राष्ट्रिय संथाहरूसँग सम्झौता गरेको छ । बैंकद्वारा अन्तर्राष्ट्रिय निकायहरू इन्टरनेशनल फाइनान्सियल कर्पोरेशन (आईएफसी), ब्रिटिस इन्टरनेशनल इन्भेष्टमेन्ट (बीआईआई) र मेटलाइफसँगको साझेदारीमा नेपालमै पहिलो पटक अमेरिकी डलर ६ करोड बराबरको नेपाली रूपैयाँ अंकित हरित वण्ड जारी गर्ने उद्देश्यका साथ साझेदारी पत्रमा हस्ताक्षर गरेको हो । यस सहकार्यले जलवायु परियोजनाहरूमा संलग्न उद्यमहरूमा लगानी विस्तार गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गुणस्तरीय रोजगारी श्रृजना हुने लक्ष्य समेत लिएको छ । त्यसैगरी, यसले देशको उर्जा क्षेत्रको विकसमा थप टेवा पुग्ने विश्वास बैंकको रहेको छ ।




यस वण्ड जारी गरी प्राप्त हुने रकम विशेषतः सौर्य उर्जा लगायतका नवीकरणीय उर्जाहरू, विद्युतीय सवारी, हरित भवन तथा बायोमास जस्ता परियोजनाहरूमा लगानी विस्तार गर्ने लक्ष्य लिएको छ । उक्त समझदारीपत्र हस्ताक्षर समारोहमा बैंकका संचालक समितिका अध्यक्ष मनोज कुमार गोयलले आफ्नो मन्तव्य राख्दै यस प्रयास मार्फत नवीकरणीय उर्जा लगायतका क्षेत्रहरूमा एक पारिवर्तनकारी फड्को मारिने विश्वास व्यक्त गरे । साथै, उनले एनएमबि बैंकको यस पहलले विदेशी पूँजीलाई स्वदेशमा भित्र्याई जलबायु क्षेत्रमा लगानी गर्दै उक्त क्षेत्रमा परेको पर्यावरणीय प्रभावलाई न्युनिकरण गर्न थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं
सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:
- औषधी उपचार तथा स्वास्थ्य सुधार योजना,
- मातृत्व सुरक्षा योजना,
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- वृद्धावस्था सुरक्षा योजना,
- बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं ।

सामाजिक सुरक्षा कोषमा आबद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ